# काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिका महाङ्गकाल क्षेत्रमा प्रचलित लोककथाको अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा
सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको
स्नातकोत्तर तह दोस्रो वर्षको
दशौंपत्र (५४०) को
प्रयोजनको लागि
प्रस्तुत
अध्ययन पत्र

प्रस्तुतकर्ता
सीता तामाङ्ग (प्राइभेट)
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर काठमाडौं
२०७५

# कृतज्ञताज्ञापन

कीर्तिपुर नगरपालिका महाङ्कालक्षेत्रमा प्रचलित लोककथाको तत्वगत अध्ययनपत्र मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दशौं पत्रको प्रयोजनको लागि श्रद्धेय गुरु डा.मोतीलाल पराजुलीको कुशल निर्देशनमा तयार पारेकी हुँ । प्रस्तुत अध्ययनपत्र तयार पार्ने सन्दर्भमा आइपरेका विभिन्न समस्याको समाधान गर्न उहाँबाट मलाई सही निर्देशन प्राप्त भयो । आफ्नो कतिपय व्यवहारिक समस्यालाई पन्छाएर कुशल र समुचित दिग्दर्शन गराउनु भएकोमा उहाँप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अध्ययनपत्र तयार पार्ने क्रममा सुरुदेखि नै सहयोग प्रदान गर्नुहुने मेरा सासूससुरा, देवरबाबुहरु तथा कथा वाचन गरी सहयोग गरिदिनु हुने असल छिमेकी तथा आफन्तहरुमा पनि आभार प्रकट गर्न चाहन्छु ।

अन्त्यमा प्रस्तुत अध्ययनपत्र आवश्यक मुल्याङ्कनको लागि त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय नेपाली केन्द्रीय विभाग कीर्तिपुर समक्ष प्रस्तुत गर्दछु ।

शैक्षिक सत्र –०७५।७६

मिति:२०७६।६।३०

अध्ययनकर्ता

सीता तामाङ्ग

प्राइभेट

परीक्षा क्रमाङ्क

९६२०२३४

## विषयसूची

पृष्ठ

### परिच्छेद –एक
### अध्ययन परिचय


| | |
|---|---|
| १.१ विषय प्रवेश | १० |
| १.२ समस्याकथन | १० |
| १.३ उद्देश्य | १० |
| १.४ अध्ययनको औचित्य | १० |
| १.५ अध्ययनको सीमाङ्कन् | ११ |
| १.६ अध्ययनपत्रको सैद्धान्तिक आधार | ११ |
| १.७ अध्ययनपत्रको रुपरेखा | ११ |


### परिच्छेद –दुई
### लोककथाको सैद्धान्तिक परिचय


| | |
|---|---|
| २.१ परिचय | १२ |
| २.२ लोककथाका विशेषताहरु | १३ |
| २.२.१ मनोरञ्जनात्मकता | १४ |
| २.२.२ वर्णनात्मक शैली | १४ |
| २.२.३ कल्पनाको प्रधानता | १४ |
| २.२.४ आदि–अन्त्य | १४ |
| २.२.५ गद्यको प्रधानता | १४ |
| २.२.६ सुखद समापन | १५ |
| २.२.७ निष्कर्ष | १५ |
| २.३ लोककथाका तत्वहरु | १५ |
| २.३.१ कथानक | |

२.३.२ पात्र

२.३.३ परिवेश

२.३.४ संवाद

२.३.५ भाषा

२.३.६ शैली

२.३.७ उद्देश्य

**२.४ निष्कर्ष** **१८**


## परिच्छेद –तीन

## लोककथाहरुको तत्वगत विश्लेषण


**३.१ खरायो र कछुवा लोककथाको विश्लेषण** **१९**

**३.१.१ परिचय** **१९**

**३.१.२ मूलकथा** **२०**

**३.१.३ कथानक** **२०**

**३.१.४ पात्र** **२१**

**३.१.५ परिवेश** **२१**

**३.१.६ संवाद** **२१**

**३.१.७ उद्देश्य** **२२**

**३.१.८ शैली** **२२**

**३.१.९ भाषा** **२२**

**३.१.१० निष्कर्ष** **२३**

**३.२ भालुको कथा लोककथाको विश्लेषण** **२३**

**३.२.१ परिचय** **२३**

**३.२.२ मूलकथा** **२४**

**३.२.३ कथानक** **२४**

**३.२.४ पात्र** **२५**

३.२.५ परिवेश २५
३.२.६ संवाद २५
३.२.७ उद्देश्य २६
३.२.८ शैली २६
३.२.९ भाषा २६
३.२.१० निष्कर्ष २६
३.३ आरुबहादुर लोककथाको विश्लेषण २७
३.३.१परिचय २८
३.३.२ मूलकथा २८
३.३.३ कथानक २८
३.३.४ पात्र २९
३.३.५ परिवेश २९
३.३.६ संवाद ३०
३.३.७ उद्देश्य ३०
३.३.८ शैली ३०
३.३.९ भाषा ३१
३.३.१० निष्कर्ष ३१

३.४ बूढी आमा र चार छोरा लोककथाको विश्लेषण ३१
३.४.१ परिचय ३१
३.४.२ मूलकथा ३२
३.४.३ कथानक ३३
३.४.४ पात्र ३३
३.४.५ परिवेश ३४
३.४.६ संवाद ३४
३.४.७ उद्देश्य ३४

३.४.८ शैली ३५

३.४.९ भाषा ३५

३.४.१० निष्कर्ष ३५

३.५ डल्ला र टपरी लोकथाको विश्लेषण ३६

३.५.१ परिचय ३६

३.५.२ मूलकथा ३६

३.५.३ कथानक ३७

३.५.४ पात्र ३७

३.५.५ परिवेश ३८

३.५.६ संवाद ३८

३.५.७ उद्देश्य ३८

३.५.८ शैली ३९

३.५.९ भाषा ३९

३.५.१० निष्कर्ष ३९

३.६ लोभी दिदी लोककथाको विश्लेषण ४०

३.६.१ परिचय ४०

३.६.२ मूलकथा ४०

३.६.३ कथानक ४१

३.६.४ पात्र ४१

३.६.५ परिवेश ४२

३.६.६ संवाद ४२

३.६.७ उद्देश्य ४२

३.६.८ शैली ४३

३.६.९ भाषा ४३

३.६.१० निष्कर्ष ४३

३.७ निर्दयी सौतेनी आमा लोकथाको विश्लेषण ४४
३.७.१ परिचय ४४
३.७.२ मूलकथा ४५
३.७.३ कथानक ४५
३.७.४ पात्र ४६
३.७.५ परिवेश ४७
३.७.६ संवाद ४७
३.७.७ उद्देश्य ४७
३.७.८ शैली ४८
३.७.९ भाषा ४८
३.७.१० निष्कर्ष ४८

३.८ बाँसको तामा लोकथाको विश्लेषण ४९
३.८.१ परिचय ४९
३.८.२ मूलकथा ४९
३.८.३ कथानक ५०
३.८.४ पात्र ५१
३.८.५ परिवेश ५१
३.८.६ संवाद ५१
३.८.७ उद्देश्य ५२
३.८.८ शैली ५२
३.८.९ भाषा ५२
३.८.१० निष्कर्ष ५३

३.९ अकबर र वीरबलको कथा लोकथाको विश्लेषण ५४
३.९.१ परिचय ५४
३.९.२ मूलकथा ५४
३.९.३ कथानक ५५
३.९.४ पात्र ५६
३.९.५ परिवेश ५७
३.९.६ संवाद ५७
३.९.७ उद्देश्य ५८
३.९.८ शैली ५८
३.९.९ भाषा ५८
३.९.१० निष्कर्ष ५९

३.१० मत्स्यन्द्रनाथको कथा लोकथाको विश्लेषण ५९
३.१०.१ परिचय ५९
३.१०.२ मूलकथा ६०
३.१०.३ कथानक ६०
३.१०.४ पात्र ६१
३.१०.५ परिवेश ६१
३.१०.६ संवाद ६१
३.१०.७ उद्देश्य ६१
३.१०.८ शैली ६२
३.१०.९ भाषा ६२
३.१०.१० निष्कर्ष ६२

३.११ निष्कर्ष ६२

परिच्छेद–चार

उपसंहार

४.१ सारांश ६३

४.२ निष्कर्ष ६४

कथावाचकहरुको नाम ६६

सन्दर्भसूची ६७

# परिच्छेद–एक

# अध्ययन परिचय

## १.१विषय प्रवेश

काठमाडौं जिल्लाको पशिचमी क्षेत्रमा रहेको कीर्तिपुर नगरपालिकाको वडा नं ४ मा रहेको महाङ्काल क्षेत्र पहाडी क्षेत्रका रुपमा रहेको छ । यसमा विभिन्न जातजातिको मिश्रित बसोबास पाइन्छ । काठमाडौं जिल्लाका बासिन्दा भए पनि यस क्षेत्रमा शिक्षाको प्रभाव कम रहेको पाइन्छ । यहाँका नागरिकहरु परम्पराप्रति विश्वास गर्दछन् र परम्परा प्रदन्त भावनाप्रति विश्वास राख्छन् । नेपाली लोककथाप्रति यहाँका नागरिकमा पनि चासो रहेको पाइन्छ । यद्यपि शहरी प्रभावले गर्दा लोककथाको प्रचलनमा कमी आइसकेको पाइन्छ तापनि समाजमा पुरानो पुस्तामा केही लोककथाहरु सुरक्षित छ । प्रस्तुत अध्ययन पत्रमा यसै क्षेत्रमा प्रचलनमा रहेका लोककथालाई संकलन गरी विश्लेषण गरिएको छ ।

## १.२.समस्या कथन

यस अध्ययन पत्रमा काठमाडौं जिल्लामा अवस्थित कीर्तिपुर नगरपालिकाको महाङ्काल क्षेत्रमा प्रचलित लोककथाहरुको सङ्कलनलाई मुख्य समस्याको रुपमा लिइएको छ । यसका मुख्य समस्याकथन यसप्रकार छन् :

क) काठमाडौं जिल्लामा अवस्थित कीर्तिपुर नगरपालिकाको महाङ्काल क्षेत्रमा के कस्ता लोककथाहरू प्रचलनमा रहेका छन् ?

ख) काठमाडौं जिल्लामा अवस्थित कीर्तिपुर नगरपालिकाको महाङ्काल क्षेत्रमा प्रचलित लोककथाहरूको विश्लेषण कसरी गर्न सकिन्छ ।

## १.३. उद्देश्य

यस अध्ययनपत्रको उद्देश्य निम्नानुसार रहेको छ ।

क) काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिका महाङ्काल क्षेत्रमा प्रचलित लोककथाहरूको संकलन गर्ने ।

ख) काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिका महाङ्कालमा प्रचलित लोककथाहरूको तत्वगत विश्लेषण गर्ने ।

## १.४.अध्ययनको औचित्य

लोकसाहित्यको आफ्नै छुट्टै मौलिक परम्परा भएकोले सबै वर्गका विद्यार्थीहरूले लोक साहित्यमा चासो देखाउने गरेको पाइन्छ । त्रिभुवन विश्वविद्यालयको नेपाली स्नातकोत्तर तहको दोस्रो वर्षको दशौं पत्रमा लोकसाहित्यको अध्ययन पनि एउटा छुट्टै विषयको रूपमा आएको छ । यस विषयमा अध्ययन गर्ने विद्यार्थी वर्गका लागि अध्ययन पत्रको औचित्य स्पष्ट देखिन्छ । काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिका महाङ्काल क्षेत्रको लोककथाका बारेमा अध्ययन भएको देखिँदैन । त्यसैले प्रस्तुत अध्ययनपत्रमा काठमाडौं जिल्लाका क्षेत्रीय लोककथाहरूको गहन अध्ययन गरिएकोले यसको औचित्य र महत्व रहेको छ ।

## १.५. अध्ययनको सीमाङ्कन

लोककथा नेपाली लोकजीवनको प्राचीन सम्पदाको महत्वपूर्ण विधा हो। यस्तो गहन विषयलाई यस अध्ययन पत्रको कार्यक्षेत्रभित्र समेट्न गाह्रो भए पनि प्रस्तुत अध्ययनपत्र काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिका महाङ्कालभित्र प्रचलित लोककथाहरूको अध्ययन र सङ्कलनमा आधारित रहेको छ ।

## १.६. अध्ययन पत्रको सैद्धान्तिक आधार

प्रस्तुत अध्ययनपत्रमा सम्बन्धित क्षेत्रमा गई लोककथाहरूको सङ्लन गरिएको छ । यस क्षेत्रीय अध्ययन विधिलाई यसको प्रमुख विधि बनाइएको छ ।

त्यसैगरी लोककथाको सार्वभौम मान्यताहरूलाई स्थापित गर्ने र सैद्धान्तिक कुराको खोज गर्ने पुस्तकालय विधि पनि अवलम्बन गरिएको छ ।

यसरी क्षेत्रीय शोधविधि र पुस्तकालय शोधविधिलाई तालमेल गराई सामाग्री सङ्कलन गरिएको छ ।

प्रस्तुत अध्ययनपत्रमा संकलित सामाग्री विश्लेषणको लागि लोककथाका तत्वलाई प्रमुख आधार बनाइएको छ र यिनै तत्वका आधारमा लोककथाको विश्लेषणगरिएको छ ।

## १.७. अध्ययनपत्रको रूपरेखा

प्रस्तुत अध्ययनपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

पहिलो परिच्छेदः अध्ययनपत्रको परिचय

दोस्रो परिच्छेदः लोककथाको सिद्धान्त

तेस्रो परिच्छेद : लोककथाहरूको विश्लेषण

चौथो परिच्छेदःउपसंहार

सन्दर्भ सामग्री सूची

## परिच्छेद– दुई

## लोककथाको सैद्धान्तिक परिचय

### २.१ परिचय

लोककथा लोकसाहित्यको आख्यानयुक्त गद्य विद्या हो । सामान्यतः लोक जीवनका आस्था, व्यवहार, विश्वास र चिन्तनलाई कल्पनाको आवरण दिएर रोमाञ्चक आख्यानतत्वहरूको मिश्रण गरी लोक समुदायद्धारा रचना गरिएका र मौखिक परम्परामा जीवित कथाहरू नै लोककथा हुन् ।

संसारका सबै पदार्थहरुमा जीव तत्व रहन्छ भन्ने आत्मशील धारणा जादु, टुनामुना र धर्मबाट संसार परिचालित र निर्देशित छ भन्ने आनुवठानिक धारणा बोकेको सामूहिक अवचेतनको शव्दरुप लोककथा हो । त्यसैले यसमा लोकास्था, लोकविश्वास, लोकसंस्कृति र सामाजिक रीतिरिवाजको प्रत्यक्ष प्रभाव रहेको हुन्छ । लोककथामा कल्पना, तिलस्मी प्रवृत्ति र रोमान्चक तत्वहरू विद्यमान हुन्छन् । यस्ता तत्वहरूले लोककथालाई आकर्षक बनाई सामूहिक मनोरन्जन दिने काम गर्दछन् भने यस्ता रोमाञ्चक तत्वभित्र निहित बिषयकहरूले प्रत्यक्ष, अप्रत्यक्ष रूपमा लोकशिक्षा दिने काम पनि पर्दछन् । एउटा पुस्ताको ज्ञान, अनुभव र कल्पना शक्तिलाई अर्को पुस्तामा हस्तान्तरण गर्ने काम पनि लोककथाबाटै हुन्छ । यो परम्पराको बिरासतका रुपमा रहेको छ । एकादेशबाट प्रारम्भ भएको लोककथा भन्नेलाई फूलको माला आदि लोकशैलीमा प्रस्तुत गरिन्छ ।

नेपाली भाषाको लोककथा शव्द अंग्रजीको फोकटेल्स (folk tales) को समानार्थी हो । कथालाई हिन्दीमा कहानी भनिन्छ । यसलाई लोकसाहित्यको सबैभन्दा पुरानो र लोकप्रिय विधाका रूपमा लिन सकिन्छ । परापूर्वकालदेखि हालसम्म लोककथा भन्न र सुन्न बालकदेखि वृद्धसम्म सबैले मन पराउने भएको कारणले पनि लोकप्रिय बन्न पुगेको छ । सबै भाषा जाति र क्षेत्रमा लोककथा दिनभरको थकाई मेटाउन, बेलुका खाना खानु अघि वा खाना खाईसकेपछि प्रायः अँगेनामा चारैतिर

आफ्ना परिवारका सदस्यहरू बस्ने अनि एउटाले कथा भनेपछि अरूले सुन्ने चलन परापूर्वकालदेखि हालसम्म कायम छ तर हाल अन्य संचारका मनोरञ्जनका साधनका कारणले गर्दा यस्तो कथा भन्ने र सुन्ने परम्परा निकै कम भएको यथार्थलाई स्वीकार गर्न सकिन्छ । दिनभरिको थकाई मेटाएर मनोरञ्जन लिने, बसिवियांलो गर्ने दृष्टिबाट यसको ठूलो उपयोगिता र महत्व रहेको छ ।

लोककथाका सम्बन्धमा विभिन्न कथाकारहरूले फरक फरक ढंगबाट आफ्नो परिभाषा दिएका छन् । ती निम्न अनुसार छन् :

(क) लोककथामा मानवको अतीत मात्र होईन, वर्तमान पनि प्रतिध्वनित र निहित हुने गर्दछ । –दिवस तुलसी २०३२

(ख) लोककथाका स्वाप्निलता र कल्पनाशीलताको काखमा सुतिरहेका आदिम जीवनका संकेतहरूलाई हामीले विश्लेषणात्मक हेराईले आत्मसात गर्नु परेको छ । –वासुदेव त्रिपाठी

(ग) लोकजीवनमा मौखिक परम्परामा हस्तान्तरित हुँदै आएका कथाहरू नै लोककथा हुन । –बन्धु चूडामणि

(घ) लोककथाले लोकमानसको मूल भावनाका रुपलाई स्थूल प्रतीकले अभिव्यक्त गर्दछ । –सत्येन्द्र

माथिका सबै विद्वान्हरुको पभिाषालाई हेर्दा लोककथा परम्परादेखि लोकजीवनमा मौखिक रूपले चलिआएको कथा हो । यसले बालकदेखि वृद्धसम्म सबैलाई मनोरन्जन प्रदान गरी नीति शिक्षा पनि दिन्छ ।

## २.२ लोककथाका बिशेषताहरू

लोककथा लोकसाहित्यको महत्वपूर्ण विधा भएको अर्थमा पनि लोकसाहित्यका सामान्य विशेषता लोककथामा पाइन्छ । लोककथाका विशेषताहरुलाई निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ ।

### २.२.१. मनोरञ्जनात्मकता

धेरै जसो लोककथामा मनोरञ्जनात्मकता पाईन्छ । केही लोककथा अर्ती उपदेश दिने खालका र शिक्षा दिने खालका हुन्छन् । यस्ता लोककथामा मनोरञ्जनात्मकता पनि भरपुर पाईन्छ ।

### २.२.२ वर्णनात्मक शैली

प्रायजसो कथाहरू वर्णनात्मक शैलीमा रचना गरिएको हुन्छ । रोचकता, स्वभाविकता, सहजता, सरलता, सोझोपन, यसका शैलीगत विशेषता हुन् । लोककथामा यस्ता विशेषताहरू प्रशस्तै पाइन्छन् ।

### २.२.३. कल्पनाको प्रधानता

लोककथामा धेरै जसो कल्पनाका कुराहरू प्रस्तुत गरिएका हुन्छन् । सामान्यतः जुनसुकै लोककथामा कल्पनाको प्रचुरता पाईए पनि अलौकिक, अदभुत रहस्य रोमाञ्चक आदि भएका कथामा झनै बढी काल्पनिकता हुन्छ । राक्षस, भुतप्रेत, पिचास, परी, अप्सरा, वीरता, साहस सम्बन्धी लोककथामा कल्पनाको बढीमात्रामा प्रयोग पाइन्छ ।

### २.२.४. आदि–अन्त्य

लोककथाको प्रारम्भ एकादेशमा वा परापूर्वकालमा उहिल्यै धेरै धेरै पहिले आदि शब्दबाट गरिन्छ । भन्नेलाई फुलको माला यो कथा बैकुण्ठ जाला भन्ने बेला खुरुखुरु आउला जस्ता सुखबोधक वाक्यबाट गरिन्छ । यस प्रकारको समान शव्दावलीगत उठान र बैठान लोककथाको विशेष पहिचान हो ।

### २.२.५. गद्यको प्रधानता

लोककथाहरू मुख्यतः गद्यमा रचिएका हुन्छन् । कतिपय लोककथाका बिचबिचमा केही पद्यांश प्रयोग गरिए पनि यसको खास विशेषता चाहि पद्यांश हुन्छ । कतिपय लोककथाहरुलाई पद्यमा लेखिएका कथा मानिए तापनि कथा र गाथाको विधागत संरचना भिन्न हुन्छ ।

### २.२.६. सुखद समापन

प्रायः लोककथाहरुको समापन सुखद नै हुन्छन् । कथामा हर्ष, विस्मात, बिरह, मिलन, बिछोडका जीत पराजय आदिको चित्रण पाइन्छ भने केही लोककथामा चाहिँ दुखात्मक समापन पनि पाइन्छ ।

### २.२.७. निष्कर्ष

एउटा लोकसाहित्यमा पाईने सबै विशेषताहरू लोककथामा पाइन्छन् । यसमा मनोरञ्जनात्मकता, वर्णनात्मक शैली, कल्पनाको प्रधानता, आदि मध्ये अन्त्य, सरल, भाषाशैली, गद्यको प्रधानता, सुखद समापन, लोककथाका विशेषताहरू हुन् । यस्ता विशेषताहरूका कारण लोककथा रोचक र सन्देशमूलक हुन्छ ।

## २.३ लोककथाका तत्वहरू :

लोककथा निर्माण गर्न आवश्यक पर्ने अवयवहरूलाई लोककथाका तत्वहरू भनिन्छ । अवयवहरूको आवश्यक व्यवस्थापन गरेपछि मात्र कथाको निर्माण हुन्छ । तत्वको अभावमा कथा पूरा नहुने भएकोले यसलाई आवश्यक तत्वको रुपमा लिन सकिन्छ । लोककथाका आवश्यक तत्वहरु निम्न छन् :

२.३.१ कथानक

२.३.२ पात्र

२.३.३ परिवेश

२.३.४ संवाद

२.३.५ भाषा

२.३.६ शैली

२.३.७ उद्देश्य

### (क) कथानक

कथानक 'प्लट' भनेको कथाकारले कथामा गर्ने घट्नाहरूको व्यवस्थापन हो । घटना घट्नुको कारणसहित तर्क, बुद्धि, कल्पना तथा कौतुहलको समेत प्रयोग गर्दै कथानकलाई कलात्मक बनाईन्छ । कथानकको आंगिक विकास आदि मध्य र अन्त्यमा पूर्ण हुने गर्दछ कथानकको प्रकारलाई हेर्दा प्रारम्भिक अन्त्यसम्म रहनेलाई मुख्य र यसैको विकासक्रममा बिच बिचमा उत्पन्न हुनेलाई सहायक गरी छुट्याउन सकिन्छ । घट्नालाई क्रमबद्धता विचलन गरी पूर्वदीप्ति ढांचामा राख्दा वृत्तकारीय कथानक हुन्छ ।

### (ख) पात्र

लोककथामा प्रयोग गरिने व्यक्तिलाई पात्र वा चरित्र भनिन्छ । कथानक विकासको लागि पात्र र पात्रको क्रियाकलाप पनि प्रस्तुत गर्न सकिन्छ । कथामा मानवीय पात्रमात्र नभएर मानवेत्तर पात्रको क्रियाकलाप पनि प्रस्तुत गर्न सकिन्छ । कथामा प्रमुख चरित्रका रूपमा उपस्थित पात्रहरूलाई नायक वा नायिका भनिन्छ । प्रमुख चरित्रसँग द्वन्द्व गर्ने पात्र वा चरित्रलाई खलनायक भनिन्छ । कथामा परिवर्तीत पात्र गतिशील र प्रारम्भदेखि अन्त्यसम्म उस्तै रहने पात्र गतिहीन पात्र हुन । त्यसैगरी सामाजिकतालाई प्रतिनिधित्व गर्ने पात्र वर्गीय हुन्छ, भने निजी चरित्र भएका पात्रहरू व्यक्तिगत हुने गर्दछन् ।

### (ग) परिवेश

लोककथामा वर्णित स्थान, काल र वातावरणको समष्टि नै परिवेश हो । यो पात्रले कार्यव्यापार सम्पन्न गर्ने ठाउँ, समय र परिस्थिति हो । परिवेशलाई देशकाल र वातावरण गरेर वर्गीकरण गर्न सकिन्छ । घट्ना घट्ने स्थान, समय तथा मनोभाव वा वातावरणलाई परिवेश भनिन्छ । भौगोलिक स्थान तथा समयको ऐतिहासिक गतिका साथै पाठकलाई उत्पन्न हुने मुड नै देशकाल हो । यसले विशेष गरी कहाँ र कहिले भन्ने प्रश्नको उत्तर दिने गर्दछ । अन्धकार, चिसो, बतास, रात आदिको चर्चा हुने क्रममा पाठकका मनमा भय उत्पन्न हुन्छ । यसरी कथालाई प्रस्तुत गर्न, कथामा सजीवता, स्वभाविकता, विश्वसनीयता ल्याउन परिवेशको ठूलो स्थान रहन्छ ।

## (घ) संवाद

संवाद भनेको दुई वा दुई भन्दा बढी व्यक्तिहरूबिच हुने कुराकानी हो । कथामा संवाद अनिवार्य नै हुन्छ भन्ने छैन तर संवाद भएको कथा ज्यादै रोचक हुन्छ । कथामा भएका पात्रहरूबिच एक अर्काका बिचार आदान प्रदान गर्ने माध्यम नै संवाद हो । संवादकै माध्यमबाट पात्रले आफ्नो बिचार अभिव्यक्त गर्न पाउंछन् । पात्र पात्र बिच आपसी सम्बन्ध बढाउन पनि संवादले महत्वपूर्ण भुमिका खेलेको हुन्छ । जुन कथामा पात्र पात्रबिच बढी संवाद राखिएको हुन्छ त्यो कथा अन्य कथाको तुलनामा पढ्दा पढ्दै रमाईलो लाग्ने घत लाग्ने खालका हुन्छन् । हांस्यव्यंगात्मक कथाहरू त झन् पेट मिची मिची हाँस्न मन लाग्ने हुन्छन् । कथामा संवादको महत्वपूर्ण स्थान रहेको हुन्छ ।

## (ङ) भाषा

लोककथामा भाषा अभिव्यक्तिको माध्यम हो । प्रयुक्त भाषा सरल, सहज र बोधगम्य हुन्छ । भाषाको प्रयोग नबुझिने र अस्पष्ट हुनु हुँदैन । बालकदेखि वृद्धसम्म सबैले बुझ्न सक्ने भाषा हुनुपर्दछ । लोककथाको भाषा पाठैपिछे फरक फरक हुन्छ । सयम र स्थानको भेदले पनि लोककथाको भाषा परिवर्तन भईरहन्छ । एउटै कथा पटक पटक दोहोऱ्याउँदा पनि भाषामा केही फरक हुन्छ । लोककथामा वाक्यहरू छोटा छोटा र सरल हुन्छन् । यस्ता कथाहरूमा स्थानीय कथ्य भाषाहरू प्रबल रूपमा प्रयोग गरिएका हुन्छन् ।

## (च) शैली

कथालाई कसरी प्रस्तुत गर्ने भन्ने तरिका नै शैली हो । शैलीले कथालाई कस्तो ढाँचामा प्रस्तुत गर्ने भन्ने बारे अवगत गराउँछ । लोककथाको शैली सादा हुन्छ । यसको अन्त्य गर्ने र प्रारम्भ गर्ने आफ्नै ढाँचा भएको शैली हुन्छ । कथा सुन्नेहरुलाई निरन्तर अब त्यसपछि के हुन्छ होला भन्ने कौतूहलता जगाई राख्नु यस शैलीको महत्वपुर्ण पक्ष हो । सरल र प्रवाहपूर्ण शैलीमा कथाको कथन रोचक र कौतूहलपूर्ण ढंगले गरिन्छ । लोककथामा यदि संवादलाई बढी प्राथमिकता दिईएको छ भने त्यस्तो कथा संवादात्मक शैलीमा रचिएको हुन्छ भने घट्नाहरु मात्र प्रस्तुत गरिएको छ भने वर्णनात्मक शैलीमा रचिएको हुन्छ ।

### (छ) उद्देश्य

लोककथामा कथा टुङ्गिएपछि कथाले के कस्तो ज्ञान, सन्देश दिन खोजिएको छ भन्ने कुरा उद्देश्यले निर्धारण गर्दछ । विशेषगरी लोककथाको प्रयोजनलाई नै उद्देश्य भनिन्छ । प्रयोजन बिहीन हुँदा त्यसको खासै अर्थ रहँदैन । लोककथालाई सफल तुल्याउने अनिवार्य तत्व नै उद्देश्य हो । लोककथाहरू मूलतः मनोरञ्जनका लागि सिर्जना गरिएको हुन्छ । लोक कथाले बालकदेखि बृद्धसम्म सबैको उद्देश्य पूरा गरेको हुन्छ । लोककथाको उद्देश्य मनोरन्जनका अतिरिक्त नीति, उपदेश, शिक्षा आदि पनि हुन्छ ।

### (ज) निष्कर्ष

लोककथा निर्माण गर्न आवश्यक पर्ने अवयवहरु नै लोककथाका तत्वहरू हुन् । लोककथाका तत्वहरुमा :

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १. | कथानक | २. | पात्र | ३. | भाषा | | |
| ४. | शैली | ५. | संवाद | ६. | परिवेश | ७. | उद्देश्य |

आदि पर्दछन् । लोककथामा घट्नाहरूको योजना तथा व्यवस्थापनलाई कथानक भनिन्छ । कथानकमा घट्नाहरूको व्यवस्थापन वा विन्यास उत्सुकता र शंसय जनाउने ढंगबाट गरिएको हुन्छ । लोककथामा कुनै पनि पात्रले गरेको क्रियाकलाप घटित घट्नाहरू घट्ना घटेका समय, स्थान तथा वातावरणलाई नै परिवेश भनिन्छ । कथामा प्रयोग गरिने व्यक्ति वा चरित्रलाई पात्र भनिन्छ । त्यस्तै कथामा मिठास शैलीमा व्यक्त गरिएका अभिव्यक्तिको सुन्दर बिन्यास वा संयोजनबाट सुन्दर कथा सिर्जना गर्न सकिन्छ ।

## २.४ निष्कर्ष

लोककथाको परिभाषा,विशेषता र तत्वहरुको संक्षिप्त परिचयम ाथि प्रस्तुत गरियो । जुन लोककथामा यी तत्वहरुको उपयुक्त संयोजन रहेको हुन्छ, त्यो कथा निकै लोकप्रिय हुन्छ र त्यसको अस्तित्व सधै रहन्छ तर तत्वहरुको उपयुक्त संयोजन नभएका लोककथाहरु छिटै नै समाप्त हुन्छ । केही लोककथाहरु खिइँदै गएर सानो अस्तित्व बोकेका पनि पाइन्छन । प्रस्तुत अध्ययन प्रत्रमा समावेश गरिएका लोककथाहरु खिइँदै गएर सानो अस्तित्व बचाएको अवस्थामा छन् । पछिल्लो परिच्छेदमा ती लोककथा स्थापना गरेर तत्वगत अध्ययन गरिएको छ ।

## परिच्छेद तीन

## "महाङ्गाल क्षेत्रमा प्रचलित लोक कथाहरुको बिश्लेषण"

महाङ्काल क्षेत्रमा प्रचलनमा रह्का लोककथाहरुको संकलन गरी ती लोककथालाई लोककथाका तत्वका आधारमा विश्लेषण गरिन्छ । यस क्रममा कथानक,पात्र,परिवेश,संवाद,उद्देश्य,शैली र भाषलाई मानक बनाएर विश्लेषण गरिएको छ ।

### ३.१ खरायो र कछुवा लोककथाको विश्लेषण

#### ३.१.१. परिचय

प्रस्तुत "खरायो र कछुवा लोककथा" मानिस र पशुपंक्षी सम्बन्धी लोककथा हो । यस कथामा खरायो र कछुवाबीच भएको प्रतिस्पर्धालाई रोचक ढङ्गबाट प्रस्तुत गरिएको छ । यो कथाले घमण्डीपनलाई त्याग्नु पर्ने सन्देश दिएको छ । मित्रतामा ठूलो शक्ति हुने भएकोले असल मित्रतामा प्रतिस्पर्धा भन्दा मिलनसारको भावना जरुरी हुन्छ । आफ्नो साथीको कमजोरीपनलाई खिल्ली उडाएर उसको बेइजत गर्दा भोलि आफ्नो पनि त्यस्तै हालत हुन सक्ने भएको हुंदा कोही कसैको बेइजत गर्नु हुदैन । प्रत्येक प्राणी आ आफ्नो स्थानमा परिपक्व हुन्छन् । आफुमा नभएको क्षमता र बृद्धि अरूमा हुन सक्छ । बल भन्दा बुद्धि कयौं गुणा ठूलो हुन्छ । त्यसकारण बलको प्रयोगले सानो प्राणी भुसुनाले आफूभन्दा सयौं गुणा ठूला हात्तीलाई टोकेर पछारिदिने गर्छ तर त्यही विशाल हात्तीले भुसुनालाई केही गर्न सक्दैन ।

यस कथाका पात्र खरायो पनि कछुवालाई आफुभन्दा कमजोर ठानेर सँगै दौडन नसक्ने भनी उसलाई बिस्तारै हिँड्ने भनेर खिल्ली उडाउँछ तर त्यही कमजोर भनेको कछुवाले घमण्डी खरायोलाई दौडमा जितेर देखाउँछ ।

यसरी यस कथामा घमण्डी खरायोको सेखी कमजोर कछुवाले झारेको छ । घमण्डीपनले गर्दा आफू पछाडि पर्ने वास्तविकतालाई रोचक ढङ्गमा प्रस्तुत गरिएको छ ।

### ३.१.२.'खरायो र कछुवा' लोककथा

एकादेशमा एउटा जंगल थियो । त्यो जंगलमा खरायो र कछुवा बस्ने गर्दथे । खरायो चाहिँ एकदमै दौडिने फुर्तीवान् थियो भने कछुवा चाहिँ बिस्तारै हिँड्थ्यो र बिस्तारै आफ्नो काम गर्थ्यो। एकदिन खरायो दौडेर आएर कछुवालाई खिल्ली उडाउँदै भन्यो -"हा हा हा तिमी त कस्तो बिस्तारै हिडेको ?तिमी त अल्छी रहेछौ। अनि कछुवाले नम्र स्वरमा भन्यो "म अल्छी होइन्' मेरो खुट्टा नै यस्तै हो । त्यही पनि म मेरो काम आफै गरिहाल्छु नि " र म आफुले आँटेको काम जसरी पनि पुरा गर्न सक्ने कुरा बतायो । फेरि खरायोले कछुवालाई काम समयमा गर्न नसक्ने भनेर गिज्यायो । त्यसैमा खरायोले कछुवालाई उस्काउँदै पर रहेको रूखलाई कसले पहिला छुने भन्ने बाजी राख्यो । कछुवा पनि सोझो भएको हुनाले हुन्छ भन्यो । खरायोले आफू छिटोछिटो दौडेर छुन सक्छु तर कछुवाले सक्दैन भन्ने सोच्यो ।

अब उनीहरूले दौडन सुरु गरे । खरायो एक्दम छिटो दौडियो र अलि अगाडि गएर पछाडि हेरेको त उसले कछुवालाई देखेन । विचरा कछुवा त विस्तारै हिँडिरहेको थियो । छिटो छिटो दौडेको हुनाले खरायोलाई अल्छी लाग्यो र ऊ ढुक्क भएर एउटा रूखमुनि निदायो । उता कछुवा आफ्नै तालमा हिँडी नै रह्यो । कछुवा बिस्तारै खरायो मस्त सुतिरहेको ठाउँ नजिकै पुग्यो । उसले खरायोलाई हेर्‍यो, तर उसलाई थकाई लागे तापनि ऊ निरन्तर आफ्नो उद्देश्य पूरा गर्छु भनेर हिँडिरयो र आफ्नो गन्तव्यमा पुगेर मात्र थकाई मार्यो । उता खरायो झल्याँस बिउँझियो । ऊ हतारिदै दौडियो तर गन्तव्यमा कछुवा पहिला नै पुगिसकेको थियो ।

### ३.१.३ कथानक

प्रस्तुत "खरायो र कछुवा लोककथा" पशुपंक्षी सम्बन्धी लोककथा हो । यस लोककथामा खरायो र कछुवा असाध्यै मिल्ने मित्र हुन्छन । दिनहरु बित्दै जांदा खरायोमा मै हुँ भन्ने घमण्ड बढ्दै जान्छ । उसले कछुवालाई हेप्न थाल्दछ, एकदिन खरायोले कछुवालाई जिस्काउंदै "तिमी त कस्तो बिस्तारै हिँड्छौ" तिमी त कमजोर छौ, तर म बलियो छु, भन्दै कछुवालाई खिल्ली उडाउँछ कछुवाले पनि आफूलाई कमजोर भनेर हेपेको सहन सक्दैन ।

तर नम्र स्वरमा "म अल्छी होईन, कमजोर पनि छैन, मेरा खुट्टा नै यस्ता हुन् त्यसैले म बिस्तारै हिँड्छु । त्यही पनि म आफ्नो काम आफै गर्दछु ।" खरायोले यस्तो ढिला अल्छिले के

समयमै गर्छौ ? ल आज हामी एउटा प्रतियोगिता गरौँ जसले सबैभन्दा पहिले परको रुखलाई पहिला छुन सक्छ त्यही पहिलो र बलियो हुन्छ । खरायोको कुरा सुनेर कछुवाले पनि हिम्मत नहारी हुन्छ तिम्रो बाजी मलाई मन्जुर छ, उसोभए दौड प्रतियोगिता गरौ, भन्छ ।

खरायो र कछुवा पर रहेको रूखलाई छुन दौडिन्छन् । खरायो फुर्तीवान भएकोले छिटो छिटो दौडेर डांडानेर नपुग्दै ऊ थाक्यो । यसो पछाडि हेरेको कछुवा त अलि पर बिस्तारै हिँडिँरहेको देख्यो । कछुवा बिस्तारै हिँडेकोले आफूभन्दा पहिला पुग्न सक्दैन भनी खरायो थाकेकाले एकछिन अलि वर सुस्ताउन थाल्यो । कछुवा भने आफ्नै गतिमा हिँडिँरहेको हुन्छ । हिँड्दा–हिँड्दा खरायो भएको ठाउँमा आईपुग्दा खरायो निदाईरहेको देख्छ उसलाई नबिउझाई कछुवा बिस्तारै बिस्तारै अगाडि बढ्छ र रूखनेर पुग्छ । यता खरायो बिउँझिदा कछुवाले जितिसक्छ, खरायो जिल्ल पर्छ, कथाको अन्त्य हुन्छ ।

### ३.१.४. पात्र

यस “खरायो र कछुवा कथामा” दुई पात्रहरू खरायो र कछुवा हुन्छन् । कछुवा नायकको रूपमा छ भने खरायो खलनायक भएका छन् । खरायोको भूमिका यस कथामा नकारात्मक रहेको छ । कछुवा बिस्तारै हिँड्ने भए पनि घमण्डीपन छैन, बिस्तारै–बिस्तारै आफ्नो काम आफै गर्छ । खरायो भने आफूलाई ठूलो ठान्ने सबै काम आफूले मात्र समयमा गर्न सक्ने ठान्दछ ।

### ३.१.५. परिवेश

यस लोक कथामा सफा स्वच्छ वातावरण देखाइएको छ । दिनको उज्यालो चम्किलो घाममा प्रकृतिको मनोरम वातावरण रहेको छ । चारैतिर वनजंगल हरियाली फुलहरू ढकमक्क फुलेका, चराचुरुङ्गीहरू आफ्नै धुनमा मस्त छन् । वसन्त ऋतुको आभास गराएको दृश्य यस कथामा परिवेशका रूपमा उल्लेख गरिएको छ ।

### ३.१.६. संवाद

यस लोककथामा खरायो र कछुवा बीच संवाद भएको छ । खरायोले “तिमी त कस्तो अल्छी छौ, बिस्तारै हिँड्छौ, लोसे छौ केही काम समयमा गर्न सक्दैनौ” भनी खिल्ली उडाउँछ । कछुवा पनि नम्र स्वरमा “म अल्छी होईन मेरा खुट्टा नै यस्तै हुन् अलि ढिलो हिड्छु तर आफ्नो काम आफै गर्छु, घमण्ड

गर्दिंन ।" भनी यी दुईविच संवाद हुन्छ । पशुपक्षीहरू पनि मानवले जस्तै गरी बोल्छन् भन्ने आत्मशील भावना यहाँ प्रयोग गरिएको छ ।

### ३.१.७. उद्देश्य

यसै लोककथामा घमण्डी बन्नु हुँदैन । घमण्डीपनले कोही कसैलाई पनि फाईदा गर्दैन भन्ने शिक्षा प्रदान गर्न खोजिएको छ । यस लोककथामा खरायो र कछुवाको दौड प्रतियोगिताको माध्यमबाट मनोरञ्जन प्रदान गर्न खोजिएको छ । हामीले अरूको खिल्ली उडाउनु अघि धेरै कुरा सोच्नु पर्ने सन्देश दिइएको छ । प्रत्येकमा आआफ्नै प्रतिभा हुन्छ, व्यक्तिअनुसार बानी व्यबहार र क्षमतामा पनि फरकपन आउने भएकोले आफू हरेक कुरामा सक्षम, अरू असक्षम भन्नु बेकार हुन्छ, भनी नितीउपदेश दिनु नै यस कथाको उद्देश्य रहेको छ ।

### ३.१.८. शैली

यस कथामा विशेषगरी खरायो र कछुवाबिच संवाद भई कथा सुरुवात भएको छ । त्यसैले यसमा संवादात्मक शैली प्रयोग गरिएको छ । प्रत्येक घट्नामा दुई पात्रबिच संवाद भएको छ । अर्कोतर्फ यो कथा वर्णनात्मक शैलीमा पनि रचिएको कथा हो । प्रत्येक घट्ना तथा पात्रका अभिनयलाई वर्णनात्मक रूपमा प्रस्तुत गरिएको छ । खरायोले कछुवालाई ढिला सुस्त भनी ब्यंग गरेको छ तर आफ्नो कार्यमा सन्तुष्ट रहेको बताएको छ । यी दुईबिच संवाद बढी रहेकोले यो कथा संवादात्मक शैलीमा रचिएको छ ।

### ३.१.९. भाषा

यस कथामा सरल, सहज र मिठो भाषा प्रयोग गरिएको छ । कथालाई रोचक बनाउन यसमा प्रयुक्त भाषाको ठूलो भूमिका रहेको छ । कथाका पात्र खरायो र कछुवाबिच प्रतिस्पर्धा भएको छ । उनीहरूमा प्रतिस्पर्धात्मक भाषा प्रयोग भएको छ । एकले अर्कोलाई कसरी हराउने भन्ने बारे उनीहरु वादविवाद गरेका छन् । खरायोले कछुवाको खिल्ली उडाएको छ भने सोझो कछुवाले घमण्डी खरायोको अहम् र घमण्डीपनलाई जितेर देखाई तोड्न सफल भएको छ ।

### ३.१.१०.निष्कर्ष

अन्त्यमा यस खरायो र कछुवा कथा संन्देशमूलक लोककथा हो । यस कथामा हामीले घमण्डीपनलाई त्याग्न सक्यौ भने लोकप्रिय बन्न सक्छौ तर मै हुँ भनी घमण्ड गर्दै अरूलाई चाहिं नगन्ने गऱ्यौं भने मित्र त गुमाउँछौ नै शत्रु मात्र बनाउने अवस्थामा आउँछौ भन्ने शिक्षा यस कथामा दिइएको छ ।

खरायोको अहमताले गर्दा आफ्नो असल मित्र कछुवाले खरायोको घमण्डीपनलाई निर्मूल पारेको छ । सुरुमा असल मित्रका रूपमा रहेका दुई मित्र प्रतियोगितामा प्रतिस्पर्धा गर्न तयार भएका छन् । अरूको बेईजत गर्दा आफ्नो ईज्जत गुम्न सक्ने कुरालाई ख्याल राख्नु पर्ने वास्तविकतालाई यस कथामा प्रस्तुत गरिएको छ । खरायोले कछुवालाई छिटो दौड्न नसक्ने भन्दै हेपेको थियो, आखिरमा कछुवाले नै पहिला रूख छोएर सफल भएको छ । त्यसैले अरूलाई कमजोर ठान्नु हुँदैन भन्ने सन्देश दिँदै कथा टुङ्गिएको छ ।

## ३.२ "भालूको कथा" लोककथाको विश्लेषण

### ३.२.१. परिचय

प्रस्तुत "भालूको कथा" मानिस र पशुपंक्षी सम्बन्धी लोककथा हो । यस कथामा मानिसले आफ्नो कलाबाट पशुपंक्षी, जीवजनावरलाई आफ्नो नियन्त्रणमा लिन सक्छ, नियम, कानुन सिकाएर मानिसले जस्तै कार्य गर्न सक्ने बनाउन सकिन्छ भन्ने यथार्थलाई रोचक ढंगमा प्रस्तुत गरिएको छ । त्यस्तै आफ्नो कार्य आफै गर्नु पर्दछ, अरूबाट गराउंदा अल्छी बानीको बिकास भई जीवनमा प्रगति नहुने वास्तविकतालाई यस कथामा शिक्षामूलक रूपमा प्रस्तुत गरिएको छ । कथाकी पात्र नायिकाले सबै कार्य आफू नगरी भालूबाट गराएको कुरा कथाका नायक उनकै श्रीमानले थाहा पाएका छन् । सत्य आखिर जति नै दिन लुकाए पनि एकदिन खुला रूपमा सबैसामु देखापर्दछ, सत्य डक्दैन झुठो टिक्दैन भन्ने भनाई यस प्रसंगमा सार्थक रहेको छ । बिलासितामा बाँच्न थालेपछि मानिसले आफ्नो कर्तव्य भुल्न थाल्छ र नकारात्मक विचार पैदा हुन थाल्छ अरुलाई भने दुःख दिने तर आफू भने सुखमा रमाउन खोज्ने बानीको चर्चा गरी यस कथामा आफ्नो कार्य आफै गरी कर्तव्यनिष्ठ बन्नुपर्दछ भन्ने नीतिउपदेश दिन खोजिएको छ ।

### ३.२.२.भालूको कथा

एउटा गाउँमा लोग्ने र स्वास्नी थिए । उनीहरूको एउटा बच्चा पनि थियो । लोग्ने चाहिँ जीवन निर्वाह गर्नका लागि गाउँ गाउँमा माग्दै हिँड्थे भने स्वास्नी चाहिँ घरमै बसेर कोक्रोमा बच्चा हालेर हातले ज्वातो पिध्ने, कुइनोले आगो फुक्ने गर्थिन् । बच्चा रोयो भने खुट्टाले बच्चा हल्लाउने गर्थिन् । उता लोग्ने भने दिनभरि अरूको घरघरमा मागेर दुःख गरी बेलुका घर फर्कन्थे ।

एकदिन लोग्नेचाहिलाई आफ्नो स्वास्नीको चियो बुझ्न मन लागेछ । उसले माग्न हिँडे भनेर घरदेखि अलिक पर पुगेर फेरि घरपछाडि लुकेर स्वास्नीको क्रियाकलाप हेरिरहेछ । स्वास्नी चाहिँ लोग्ने जानासाथ कुखुरालाई चुलोमाथि झुन्डाएर हााााा..... गरी धपाएर आगो फुक्न लगाउने,खुट्टाले बच्चा हल्लाउने, कुइनाले मोही पार्ने र हातले ज्वातो पिध्ने गरिरहेको क्रियाकलाप लोग्नेले लुकेर हेरिरहेको थियो ।

अब लोग्नेले आफ्नो स्वास्नीको सबै कुरा थाहा पायो । बेलुका भएपछि घरमा लुसुक्क पसेझैं गर्यो । स्वास्नीले आज त टाढा जाने भन्नुहुन्थ्यो किन नि छिटो आउनुभो भनि सोधिन् ।

जवाफमा लोग्नेले आज मैले कहिल्यै नपुगेको ठाउमा पुगेँ जहाँ खुट्टाले बच्चा हल्लाउने , कुहिनाले मोही पार्ने, कुखुराले आगो फुक्ने र हातले ज्वातो पिध्ने गर्दो रहेछ । त्यो सुनेर स्वास्नी अकमक्क परिन् । ओहो मेरै चियो बुझेर पो बसेको रहेछ त भनी सिकुवाबाट हँसिया निकालेको मात्र के थियो भालू बुर्लुक्क उफ्रेर भाग्यो । स्वास्नी चाहिले त्यो काम भालूबाट पो गराइरहेको थियो त आफू आरामले बसेर । जुन कुरा लोग्नेले थाहा पायो अनि त स्वास्नीको सातो गयो ।

### ३.२.३.कथानक :

प्रस्तुत "भालूको कथा" लोककथामा लोग्ने मिहिनेती तर स्वास्नी भने अलि अल्छी स्वभावको हुन्छ । दैनिक गुजारा चलाउन लोग्ने गाउँ गाउँमा माग्दै हिड्छ । स्वास्नी भने घरमा बसेर मागेर ल्याएको खानेकुरा टन्न खाने अनि घरको सबै काम भालूलाई अह्राउने गर्छिन । भालू पनि उसले जे भन्यो त्यही खुरुखुरु गर्दछ । दिन बित्दै जांदा लोग्नेलाई स्वास्नीको अल्छीपन देखेर उसको चियो गर्न मन लाग्छ । एकदिन लोग्ने माग्न गएको भनी घरपछाडी लुकेर स्वास्नीको चर्तिकला हेरिरहेको हुन्छ । आफू मस्त बसेर सबै काम भालूलाई गर्न लगाएको कुरा थाहा हुन्छ । बेलुका रित्तै हात घर फर्केझै गर्छ, स्वास्नीले केही नलिई आएको देखेर प्रश्न गर्छ, अनि आफू अचम्मको ठाउंमा पुगेको कुरा बताउंछ

। बुढाले त्यहां कुईनाले मोही पार्ने, कुखुराले आगो फुक्ने, खुट्टाले बच्चा हल्लाउने र हातले जाँतो पिध्ने गरेको ठाउमा आफू पुगेर आएको बताउंछ । अनि स्वास्नीको सातो जान्छ, लौ सबै थाहा पाएछन् भनेर भालू बुर्लुक्क उफ्रेर भाग्छ । यसरी कथाको आदि मध्य र अन्त्यको संरचना रहेको यो कथा रोचक छ ।

### ३.२.४. पात्र

यस "भालूको कथा" लोककथामा पति नायक, पत्नी नायिका र भालु सहायक पात्र हुन्छन् । पति मिहिनेती पात्र हो । ऊ सधैँ गाउँमा मागेर ल्याई घरखर्च चलाउने गर्छ । मागेर काम गरेर दैनिक जीवन गुजारा चलाउने कर्मठ व्यक्ति हुन्छ । कथाकी नायिका पात्र भने पतिले दिनरात मिहिनेत गरेर कमाएर ल्याएको कमाईमा रमाउने आफू केहि काम नगरी घरमा सधै भालुलाई काम गराउने गर्छिन् । अल्छी स्वभावकी उनी मिठो खान मन पराउने तर मिहिनेत भने पटक्कै नगर्ने हुन्छिन् । सधै लोग्नेको कमाईमा रमाई लोग्नेको आँखामा छारो हालेर काम टार्न खोज्ने उनी एकदिन लोग्नेले घरपछाडि लुकेर चियो गरेको थाहा पाएदेखि अलि काम गर्ने हुन्छिन् । यस कथाका अर्का रहायक पात्र भालु हुन्छ । भालु कथाकी नायिकाले जे भन्यो त्यही खुरुखुरु गर्ने कर्तव्यनिष्ठ प्राणीको रूपमा प्रस्तुत भएको छ । आफ्नो मालिक्नीको आदेश पालना गर्ने भालुले घरमा पालेका प्राणीहरुको प्रतिनिधित्व गरेको छ । भालुले गरेको कार्यको वर्णनबाट सुरुवात भएको कथा भालूले काम गर्न छोडेबाट टुङ्गिएको छ । कथाका सम्पूर्ण पात्रका भूमिका महत्वपूर्ण रहेको छ ।

### ३.२.५. परिवेश

यस कथामा परिवेशका रूपमा शान्त सुन्दर गाउँ त्यस गाउँमा बस्ने एक परिवार हुन्छन् । लोग्ने चाँहि जीवन निर्वाह गर्नका लागि गाउँमा माग्न हिँड्ने तर घरमा स्वास्नी आरामले बस्ने गरेको परिवेश उल्लेख छ । एक दिन बिहानै माग्न भनी घर पछाडि बसेर स्वास्नीको चियो गरेर बसेको प्रसंग पनि परिवेशमा उल्लेख छ ।

### ३.२.६. संवाद

यस कथामा बूढा र बूढीबिचको संवादलाई रोचक र हाँस्य व्यंगात्मक रुपमा प्रस्तुत गरिएको छ । बूढाले ल अब म गाउँमा माग्न हिँडे घरमा राम्ररी बस्नु घरका काम सबै गर अनि बच्चा नि राम्ररी हेर । भनेर माग्न हिँड्छन् । यता घरमा बूढी मजाले भालूबाट काम गराईरहेको हुन्छ । बेलुका बूढा

घरमा आउँदा बूढा मैले सबै काम गरेँ भनेर झुटो बोल्छ । पछि बूढाले चियो गरेर सबै कुरा थाहा पाउँछ । कथामा रोचक संवाद गरिएको छ ।

### ३.२.७. उद्देश्य

यस कथाको मूल उद्देश्य ठग्ने प्रवृत्तिका व्यक्तिहरूलाई व्यंग प्रहार गर्नु हो । कथाकी नायिका आफ्नो श्रीमान्लाई ठग्ने गरेकी छिन् । सम्पूर्ण काम भालूलाई गराएर आफूले गरेको भनेर ठग्ने र झुठो बोल्ने प्रवृतिकी छिन् । यस कथाको उद्देश्य चाहे जतिसुकै लुकाऔँ आखिर सत्य कुरा एकदिन बाहिर आएरै छाड्ने यथार्थ प्रस्तुत गर्नु हो । विद्यमान नेपाली समाजमा परिवारका एउटा सदस्य दिनरात मिहिनेत गर्ने तर अर्को सदस्य भने बसी बसी अरूलाई काम गराएर मोज गर्ने गरेको यथार्थ पक्षको चित्रण गरी सन्देशमूलक शिक्षा दिन खोजिएको छ ।

### ३.२.८. शैली

प्रस्तुत कथामा संवादात्मक शैलीको प्रयोग गरिएको छ । बूढा बूढीबिचको संवादबाट कथा सुरुवात भएको छ भने कथाको अन्त्य पनि संवादबाटै टुङ्गिएको छ । बूढाले आफू माग्न गएको र घर राम्ररी हेर काम सबै गर भनी गाउँमा हिँडेका छन् । बूढी हुन्छ भन्ने तर काम भने सबै भालूलाई अह्राउने गर्छिन् ।

### ३.२.९.भाषा

यस कथामा सरल, मिठो भाषाको प्रयोग गरिएको छ । जस्तोसुकै साधारण अनपढ व्यक्तिले पनि एकपटक सुनेपछि सजिलै बुझ्न सक्ने खालको भाषा यस कथामा रहेको छ । प्रत्येक घट्नामा संवादमा सरल भाषाको प्रयोग गरिएको छ ।

### ३.२.१०. निष्कर्ष

अन्त्यमा यस लोककथा सन्देशमूलक र रोचक रहेको छ । अल्छी, ठगाहा प्रवृतिका व्यक्तिहरूलाई व्यंग प्रहार गरी झुठो बोल्दा सत्य कुराको एकदिन खुलासा हुने भएकोले सत्य नै बोल्नु पर्ने प्रसंग उल्लेख छ । कथाकी प्रमुख पात्र नायिकाले सम्पूर्ण कार्य भालूबाट गराई आरामले बसेको र लोग्नेको

अगाडि धेरै काम गरेको नाटक गरेको यथार्थ पक्षलाई यस कथामा रोचक र सन्देशमूलक ढंङ्गमा प्रस्तुत गरिएको छ ।

### ३.३ आरूबहादुर लोककथाको विश्लेषण

#### ३.३.१. परिचय

प्रस्तुत आरूबहादुर लोककथा सामाजिक लोककथा हो । यस लोककथामा हाम्रो समाजमा विद्यमान पक्षलाई रोचक ढङ्गमा प्रस्तुत गरिएको छ । यस आरूबहादुर लोककथामा नेपाली समाजमा रहेका विकृति , विसंगतिप्रति धारिलो व्यङ्ग्य प्रहार गरी आरूबहादुरको माध्यमबाट सामाजिक विकृति र विसंगतिको अन्त्य गरिएको छ । यस लोककथामा दुई बूढा र बुढी आफ्नो कुनै पनि सन्तान नभएर निराशाका जीवन व्यथीत गरिरहेका हुन्छन् । एकदिन उनीहरूको जीवनमा पनि खुसीको पल आउँछ ,जुन आरुबाट निस्केको एउटा सुन्दर बालक रहेको हुन्छ । त्यस बालकलाई देखेपछि उनीहरू आफ्नो सारा दुःख पीडा भुलेर आफ्नो सन्तान भयो भनी धेरै खुसी हुन्छन्, आफूले चाहेको इच्छा पूरा हुँदा मानिस असाध्यै खुसी हुने यथार्थ पक्ष यस कथामा बूढा र बुढीको माध्यमबाट देखाइएको छ ।

यस लोककथामा साहसका साथ लागि पऱ्यो भने कुनै पनि कार्य असम्भव नरहेको पक्षलाई पनि जोड दिइएको छ । कथामा राक्षसलाई मार्नका लागि आरूबहादुर आँटिलो भएर अगाडि बढे , उनले आफूसँग सम्पूर्ण जँगली जनावरलाई पनि लगेर राक्षसलाई हराइदिए । एकजुट भएर कार्य गर्दा जस्तोसुकै विध्नवाधालाई पनि सुभ्काउन सकिन्छ । समूहमा मिलेर समाजमा आफ्नो उच्च स्थान कायम राख्न सक्नुपर्छ र असल कार्य गर्नाले हामी सबैको प्रिय बन्न सक्छौ भन्ने सन्देश यस कथाबाट लिन सकिन्छ ।

#### ३.३.२ आरूबहादुरको कथा

एक गाउँमा बूढा र बूढी बस्थे । उनीहरूको कुनै सन्तान थिएन । उनीहरू एउटा छोरो भए पनि हुन्थ्यो भनेर सोच्थे । बूढा सधैं जंगलमा गएर दाउरा काटेर बेच्नका लागि नजिकको गाउँमा जान्थ्यो । बूढी भने घरको काम गरेर बस्थ्यो ।

एकदिन जब बूढी लुगा धुन लागेको थिइन् तब त्यहाँ एउटा ठूलो आरू भुइमा गुडेर आयो । त्यो आरु बूढीले समातेर घरतिर लगिन् । बेलुका बूढा आएपछि काटेर खाऔँला भनेर बूढीले सोचिन् । बूढा घर

आए र ठूलो आरू देखेर दंङ्ग पर्दै खानको लागि खुकुरी लिएर हान्न लाग्यो । खुकुरीले नलाग्दै आरू प्याट्ट फुट्यो । अनि त्यहाँबाट एउटा सुन्दर बच्चा निस्क्यो । सन्तान नभएका बूढाबूढी आरूबाट बच्चा निस्केको देखेर आफ्नो सन्तान भयो भनि धेरै खुसी भए । उनीहरुले त्यो बच्चाको नाम आरूबहादुर राखिदिए । आरूबहादुर दिनदिनै ठूलो हुँदै गए । बूढाबूढी पनि साह्रै असल छोरा पाएकोमा खुसिनै थिए ।

यस्तैमा एक दिन आरूबहादुरले गाउँमा राक्षस आएर सताउने गरेको कुरा सुने । गाउँमा दिनदिनै राक्षस आएर मान्छेहरुको घर , सामान बर्बाद गरिदिए । आरूबहादुरले सुन्नासाथ आमा बुबालाई म त्यो राक्षसलाई मार्न जान्छु भन्यो । आमा बुबाले कति सम्झाए तर आरूबहादुर मानेन् । अन्तत : आरूबहादुर आमालाई रोटी बनाउन लगाएर आफू चाहि पाकेको रोटी बोकेर भाग्यो । हिड्दै जाँदा ऊ जंगल नजिक पुगेर बस्यो र रोटी खानै लाग्दा उसले त्यहाँ कालिज देख्यो । कालिजलाई पनि थोरै रोटी दियो र आफुसँगै राक्षसलाई मार्न जाऔँ भन्यो । कालिज र आरूबहादुर सँगसँगै गए । बाटामा जति पनि जनावरहरु जस्तै कुकुर , बाँदरहरुपनि आरूबहादुरको पछि पछि लागे । उनीहरू जंगलको बीचमा रहेको गुफामा पुगे जहाँ राक्षसहरु रक्सीले मातेर लट्ठ भइरहेका थिए । यही हो मौका भनि आरूबहादुरले आक्रमण गरे । बाँदरले चिथार्यो ,कालिजले ठुङयो भने कुकुरले टोक्यो । जनावरहरुले घाइते बनाएका राक्षसहरूलाई आरूबहादुरले लट्ठीले हान्यो । एकैछिनमा उनीहरुको जित भयो । राक्षसको राजाले आरुबहादुरलाई सुन, चाँदी दिए । आरूबहादुर गाउँमा पुगेर त्यहाँका मानिसहरूलाई सुन, चाँदी बाँडिदिए । आरूबहादुरको परिवार आनन्दले बसे ।

३.३.३.**कथानक**

प्रस्तुत कथामा दुई बूढा र बूढीका कुनै पनि सन्तान हुँदैनन् । उनीहरु गाउँमा दुःख सुख गरेर जीविकोपार्जन गरिरहेका हुन्छन् । बूढा चाहिँ जङ्गलमा गएर दाउरा काटेर बजारमा बेच्न जान्थ्यो भने बूढी चाहिँ घरको काम गरेर बस्थी । एकदिन बूढी लुगा धोइरहदा एक्कासी कतैबाट ठूलो आरु भुइमा गुडेर आएको देख्छिन् । अनि बूढीले यत्रो ठूलो आरू कहाँबाट आयो होला भनी खुसी भएर आरुलाई घरमा लिएर जान्छिन् । बेलुका बूढा घरमा आइपुग्छन् । ठूलो आरु देखेर बूढा बूढी दुबै खुसी हुन्छन। उनीहरुले त्यो बालकलाई आफ्नो छोरा बनाएर पाल्छन् । अनि त्यो बालकको नाम पनि आरूबहादुर राखिदिन्छन् । आरूबाहादुर समयसँगै हुर्कदै जान्छ । अब आरुबहादुर लक्का जवान बन्दछ । असल स्वभावका आरूबहादुर गाँउमा सबैको प्यारो हुन्छन् । उनी गाँउका असहायका देवता नै हुन्छन् । एकदिन आरूबहादुरले गाउँमा राक्षसहरु आएर दुःख दिएको कुरा थाहा पाउँछन् । दुष्ट राक्षसहरुलाई

हराउन उनी एक्लै जान खोज्छन् । बूबा आमाले कति सम्झाए तापनि दुःख दिने राक्षसलाई हराउने लक्ष्य लिएर आरूबहादुर आमालाई रोटी पकाउन लगाएर रोटी बोकेर जंगलतिर लाग्छन् ।जाँदा जाँदा उनी जंगल छेउ पुग्छन् । एकछिन बसेर रोटी खान लाग्दा त्यहाँ एउटा कालिज भेट्छन् । कालिजलाई पनि रोटी दिएर आफूसँगै जान भन्छन् । कालिज आरुबहादुर सँगै जान्छन् ।अलि पर पुगेपछि उनीहरुले बाँदर र कुकुर भेट्छन् । सबै मिलेर राक्षसलाई मार्न जान्छन् । जंगलको बीचमा एउटा गुफा हुन्छ , त्यो गुफामा राक्षसहरु रक्सी पिएर मात्तिएर लठ्ठीरहेका हुन्छन् । मौका यही हो भनी आरुबहादुर  र उनका साथीहरु राक्षसहरुमाथि जाइलाग्छन् । एकैछिनमा राक्षसहरु कुकुरको टोकाइ,कालिजको ठुङाइ र आरुबहादुरको पिटाइले घाइते हुन्छन् ।  आरुबहादुरको समुहले जित्छन् । राक्षसका राजा आएर अबदेखि नसताउने बाचा गरी आरुबहादुरलाई धनसम्पत्ति दिएर पठाँउछन् । आरुबहादुरले त्यो सबै सम्पत्ति गाउँमा लगेर गरिब दुःखीलाई बाँडिदिन्छन् र आरुबहादुरको परिवार खुसीका साथ बस्छन् । कथाको पनि अन्त्य हुन्छ ।

३.३.४ **पात्र**

यस कथाको मुख्य पात्र -नायक) आरूबहादुर हो । ऊ आरुबाट जन्मेको मानव पुत्र हो । उसले साहसद्धारा सामान्य मानिसले गर्न नसकेको काम सम्पन्न गरेर आफ्नो बहादुरीको परिचय दिएको छ । लोककथामा बूढा सहायक नायक पात्र हुन्छन् । बूढी सहायक नायिका हुन्छिन् । कालिज,कुकुर,बाँदर सहायक मावेत्तर पात्र हुन्छन् । राक्षस राक्षसनीहरु खल नायक पात्रहरु हुन्छन् । नायक आरुबहादुरकै सक्रियतामा कथा अगाडि बढेको छ भने कथाको अन्त्य पनि आरुबहादुरकै जीत भएपछि भएको छ ।

३.३.५ **परिवेश**

यस आरुबहादुर लोककथामा परिवेशको चर्चा गर्नुपर्दा दिउँसो समयलाई प्रस्तुत गरिएको छ । बूढीले दिउँसोको झलमल्ल घाममा लुगा धुँदै गर्दा आरू गुडेर आएको छ ।

हरियाली डाँडाकाँडा, नदीनालाको मनोरम दृश्य प्रस्तुत गरिएको छ । आरूबहादुर राक्षसको अन्त्य गर्न बिहानै हिँडेर साँझपख जँगलको बाटो हुँदै जंगलको बीचमा रहेको गुफामा पुगेको परिवेश यस कथामा चर्चा गरिएको छ । यस कथामा प्राकृतिक सौन्दर्यको रोचक ढङगमा जीवन्त चित्रण गरिएको छ ।

३.३.६ **संवाद**

यस कथामा कथाको सुरुवातमा बूढा र बूढीबीच आरू भेटिएको प्रसंगमा कुराकानी भएको छ । बूढाले "आम्मै ! कत्रो ठूलो आरु कहाँबाट ल्यायौ ? " भनेको छ भने उत्तरमा बूढीले आज दिउँसो खोलामा लुगा धुँदै गर्दा एक्कासि मेरो अगाडि गुडेर आयो । अनि मिलेर खाने भनेर घरमा ल्याएँ । भनिन् । अर्को प्रसङगमा आरुबहादुरले गाउँमा राक्षस आएर सताएको कुरा थाहा पाएर आमा मलाई रोटी पकाइदिनुस्, म त्यो राक्षसलाई मार्न जान्छु। भन्दछ । अनि जंगलमा पुगेर पनि कालिज , बाँदर , कुकुर जस्ता जनावरहरुसँग कुराकानी गर्दै अगाडि बढ्दछन् । यसरी यस कथामा प्रस्तुत गरिएका पात्रहरुबीच रमाइलो कुराकानी भएको छ।

३.३.७**उद्देश्य**

यस आरूहादुर लोककथाको उद्देश्य हाम्रो नेपाली समाजमा सन्तान नभएका दम्पत्तिहरूको अवस्था कस्तो हुन्छ र समाजले हेर्ने दृष्टिकोण,अन्धविश्वास रुढिबादी परम्पराले जकडिएको हुन्छ भन्ने पक्षलाई उजागर गर्नु हो । बेसहारा जीवनमा कसैको आगमनले सहारा मिल्दा मन हर्षले रम्न थाल्छ भन्ने सत्यलाई रोचक ढङगमा प्रस्तुत गरिनु यस कथाको उद्देश्य हो । अर्को प्रसङगमा अन्याय गर्नु भन्दा अन्याय सहेर बस्नु पाप हो भनेझै कसैको हेपाइ, थिचाइ मिचाइ सहेर बस्ने होइन कि त्यसको डटेर सामना गरिहाल्नुपर्छ भन्ने शिक्षा प्रदान गर्नु पनि यस कथाको मूल उद्येश्य हो। जसरी आरुबहादुरले आँट र साहसका साथ एक्लै राक्षसको सामना गर्न हिडेको थियो । असल कर्म गर्ने व्यक्तिलाई सबैले साथ दिनुपर्छ भन्ने शिक्षा प्रदान गर्नु पनि यस लोककथाको उद्येश्य हो । बाँदर, कुकुर, कालिजले आरुबहादुरको असल कार्यमा साथ दिएका थिए ।

३.३.८ **शैली**

प्रस्तुत आरुबहादुर कथा वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको छ । भाषालाई प्रयोग गर्ने माध्यम वा तरिका भन्नु नै शैली हो । भाषामा असल शैली प्रयोग नहुँदा भाषामा मिठास आउँदैन । यसकथामा सुरुदेखि अन्त्यसम्मका शृंखलामा मिठो  भाषा प्रयोग भएको छ । भाषाको प्रयोग गर्ने क्रममा आम्मै कत्रो ठूलो आरू ? भन्ने वाक्यलाई आश्चर्य तथा मनोरञ्जनात्मक शैलीमा प्रस्तुत गरिएको छ ।

### ३.३.९ **भाषा**

भाषा विचार विनिमयको साधन हो । त्यसैले भाषालाई एक अर्काका विचार आदानप्रदान गर्न प्रयोग गरिन्छ । यस आरूबहादुर लोककथा सरल मिठास भाषा प्रस्तुत गरिएको सामाजिक लोककथा हो । कथामा नेपाली समाजमा प्रचलित स्थानिय कथ्य भाषाको प्रयोग गरिएको छ । जस्तैः आम्मै है दङ्ग, लट्ठ, जस्ता शब्दहरूको प्रयोग गरिएको पाइन्छ । बूढाले ठूलो आरू देख्नासाथ आम्मै कत्रो ठूलो आरु? भन्ने प्रश्न सोधेका छन्। समग्रमा यस आरुबहादुर लोककथामा नेपाली जनमानसले दैनिक जीवनमा बोल्ने गरेको स्थानीय कथ्य भाषाको प्रयोग गरिएको छ ।

### ३.३.१० **निष्कर्ष**

अन्त्यमा यस आरुबहादुर लोककथामा आरुबहादुरको आगमन भएपछि कथाले अर्कै मोड लिएको छ । अघिसम्म बूढा र बूढीको जीवन निराशा र दुःखमा गुज्रिएको थियो भने ठूलो आरुबाट निस्केका बालक आरुबहादुरको आगमनले उनीहरुको जीवनले छुटै रमाइलो आभास गरेको छ । दुई बूढा बूढी आफ्नो कुनै पनि सन्तान नहुँदा कति दुःखी थिए भने सन्तान प्राप्त गरेपछि असाध्यै हर्षित हुन्छन् । उनीहरूको असल संस्कार र स्याहार सुसारका कारण आरुबहादुर पनि असल स्वभावका हुन्छन् । उनलाई अन्याय विरुद्ध लड्नुपर्छ भन्ने प्रेरणा आफ्ना बुबा आमाबाट प्राप्त भए अनुसार उनी एक्लै राक्षसको अन्त्य गर्न जंगलमा जान्छन् । बीच बाटोमा अन्य सहायक पात्रहरु कुकुर , बाँदर , कालिजले पनि उनको साथ दिन्छन् । समूहमा मिलेर गर्दा जस्तोसुकै ठूलो शक्तिलाई पनि संहार गर्न सकिने कुरा उनीहरुले प्रमाणित गर्दछन् । अन्त्यमा , राक्षसको हार र आरुबहादुरको जीत भएको र उनीहरु राक्षसले दिएको धनसम्पत्ति लिएर गई गाउँलेलाई बाँडिदिएर आफू खुसीसाथ बसेको प्रसङग उल्लेख गरी कथाको अन्त्य भएको छ।

## ३.४ बूढी आमा र चार छोरा लोककथाको विश्लेषण

### ३.४.१ **परिचय**

प्रस्तुत बूढी आमा र चार छोरा लोककथा सामाजिक लोककथा हो । यस कथामा एक बूढी आमा र उनका चार भाइ छोरा हुन्छन् । ती चार छोराहरु अलि लाटा पाराका हुन्छन् । एउटा काम गर भन्यो कि अर्को काम बिगार्ने खालका हुन्छन् ।

हाम्रो समाजमा यस्ता लाटा लठेब्राहरु थुप्रै हुन्छन् । जो सोझो हुन्छन् । एकोहोरो स्वभावका हुन्छन् । उनीहरुले सही र गलतको फरक बुझ्न खोज्दैनन् आफ्नो मनमा जे लाग्यो त्यही गर्न खोज्छन् भन्ने सत्यता यस कथामा छर्लङ पार्न खोजिएको छ । त्यस्तै छोराछोरीबाट गल्ती हुनु उनीहरुको मात्र दोष होइन कि आमा बाबुको पनि उत्तिकै दोष हुन्छ ।उचित स्याहारसुसार र असल संस्कार सिकाउन नसक्दा बच्चाहरु एकोहारो जिद्दी स्वभावका हुन्छन् भन्ने विषयलाई यस कथामा छोराहरुले बारम्बार गरेको गल्ती र आमाले नसम्झाएकोबाट प्रष्ट हुन्छ । यदि आमाले छोराहरुबाट भएको पहिलो गल्तीलाई नै सुधार्ने प्रयास गरेकी भए अर्कोपटक उनीहरुले त्यही गल्ती दाहोऱ्याउँदैनथे कि ? अभिभावकको भुमिका बच्चा जन्माउनु मात्र नभई उसलाई असल आचरण सिकाउनु पनि हो भनि यस कथामा व्यङग्यात्मक प्रस्तुति पनि पाइन्छ । पौष्टिक आहारको कमीले गर्दा पनि बच्चाहरु अस्वस्थ जन्मने हुन्छन् त्यसैले बच्चाहरुलाई पौष्टिक आहारको ज्यादै जरुरत हुन्छ भन्ने सन्देश यस कथामा पाइन्छ ।

अर्को पक्षमा रिसले कसैलाई फाइदा नगर्ने बरु हानि गर्ने भएकोले रिस नियन्त्रण गर्नुपर्ने कुरालाई पनि यस लोककथामा जोड दिएको पाइन्छ । समग्रमा यस लोककथामा नितान्त गाउँले परिवेश पाइन्छ । गाउँघरका मानिसहरूको जीवनचर्या , खेतीबारीको काम , कुलो नहर बनाउने, धान रोप्ने जस्ता दैनिकी देखाइएको छ । मानसिक सन्तुलन गुमाएका मनोरोगीलाई समयमै उपचार नगराउँदा जीवनमा ठूलो घटना निम्त्याउनुपर्ने पक्षलाई मार्मिक ढङगमा प्रस्तुत गरिएको छ ।

### ३.४.२ **बूढी आमा र चार छोरा**

एउटा गाउँमा एउटी बूढी आमा र ४ जना छोराहरू थिए । छोराहरू चाहिँ अलि लाटा पाराका थिए । एकदिन आमाले ती चार भाइ छोरालाई खेतमा पानी मार्न जाऊँ भनी काम लगाइन् । चारै भाइ छोरा खेतमा पानी मार्न गए । पानी जति मार्न खोजे पनि नमरेपछि तिनीहरूले पूरै धान नै मारिदिए र घर आए । घरमा आमाले पानी मार्यौ बाबुहरू ? भनी सोध्दा हामीले त पानी मात्र हैन धान पनि मार्यौ आमा भने । धान मारेको कुरा सुन्ने बित्तिकै आमा रिसले चूर भई खेतमा हेर्न गइन् । नभन्दै खेतमा एउटा धान पनि छैन सबै मारेछन् । अनि फेरि आमाले दाउरा लिएर आउने काम अह्राउछिन् । छोराहरू फेरि दाउरा लिएर आउँछन् । अघि काम बिगारेको रिसाइरहेको आमा झन् दाउरा पनि कहाँ राख्ने आमा ? भनेर प्रश्न गरेकोमा धेरै रिसाएर मेरो टाउकोमा राख भन्ने उत्तर आएछ ।

त्यस पछि त सबै दाउरा आमाको टाउकोमा फालिदिन्छन् । बूढी ठहरै जान्छिन् । अब आमा मरेपछि ती दाजुभाइले बूढीलाई घाटमा जलाउन लान्छन् । आमालाई जलाएर फर्किदा उनीहरूले अलि तल बाटोमा त्यस्तै बूढी देख्छन् । फेरि फर्केर गई त्यो बूढीलाई पनि मारेर घाटमा लगेर जलाउँछन् ।

**३.४.३ कथानक**

प्रस्तुत 'बूढी आमा र चार छोरा' लोककथामा एउटी बूढी आमा र उनका चार भाइ छोरा एउटा गाउँमा सानो घरमा दुःख जिलो गरेर बसेका हुन्छन् । दिनरात खेतबारीमा काम गरी आफ्नो जीवन निर्वाह गर्छन् । असारको बेला खेतमा माना रोपेर मुरी फलाउने समय हुन्छ । खेतमा धान रोपेर पानी लगाउने बेला हुन्छ । त्यस्तैमा एकदिन ती चार भाइ छोराहरुलाई खेतमा पानी मार्न जाऊ भन्छिन् । छोराहरू पनि खेतमा पानी मार्न भनी जान्छन् । जति मार पनि पानी नमरेपछि रिसले चुर भएर उनीहरुले धान नै मारिदिन्छन् । घरमा आएर हामीले त पानी मार्न सकेनौ तर धान भने सबै मार्‍यौ भनेर भन्छन् । छोराहरूको यस्तो हर्कत देखेर आमा रिसले चुर हुन्छिन । अनि खेतमा हेर्न जान्छिन् । नभन्दै धान त सबै मारेका रहेछन् । दुखी हुँदै घर फर्किन्छिन् । अर्को दिन बुढीले आफ्ना छोराहरूलाई जंगलबाट दाउरा ल्याऊ भन्छिन् । सबै छोरा दाउरा लिएर घरमा आउँछन् । आमालाई दाउरा कहाँ राख्ने भनेर सोध्छन् । मेरो टाउकोमा राख भन्छिन् । आमाले भनेझैं सबै दाउरा टाउकोमा बजारिदिन्छन्। आमा त्यही भुतुक्कै हुन्छिन् । आमा मरेपछि ती चार छोराहरूले आमाको लासलाई घाटमा लगेर जलाउँछन् । लास जलाएर घरमा फर्किदा आफ्नी आमाजस्तै मान्छे उनीहरूले देख्छन् । अनि फेरि ती आमालाई पनि त्यो बूढी त फेरि जिउदै भएछ भनी घाटमा लगेर जलाइदिन्छन् ।

यसरी कथामा पहिलो गल्ती धान मार्ने, दोस्रो दाउराले आमालाई मारिदिने र तेस्रो गल्ती आफ्नो आमा भनी अर्कोलाई मारिदिने गरी शृङखलाबद्ध रूपमा घटना घटेकाले यस कथामा प्रत्येक घटनाको आदि , मध्य र अन्त्यको संरचना रहेको पाइन्छ ।

३.४.४ **पात्र**

यस 'बूढी आमा र चारछोरा' लोककथामा बूढी आमा प्रमुख नारी पात्रका रूपमा रहेकी छिन् । चार छोराहरू प्रमुख पुरुष पात्रको रूपमा सक्रिय रहेका छन् । प्रमुख नायिका बूढी आमाको केन्द्रियतामा कथा सुरुवात भएको छ भने उनकै अन्त्यसगै कथाको पनि अन्त्य भएको छ । त्यसैले पनि उनी यस लोककथाकी नायिका हुन् । अर्कोतर्फ चार छोराहरूले नै कथामा घटनाहरू घटाएर कथालाई लम्ब्याएका

छन् । अन्तिम घटना घटाएर कथा टुङग्याएका छन्,उनीहरू पनि यस कथाका प्रमुख पात्र हुन् । अर्को चरित्र एउटी बूढी आमा भने यस कथाकी सहायक भूमिका निर्वाह गर्ने गौण पात्र हुन् ।

३.४.५ **परिवेश**

यस बूढी आमा र चार छोरा लोककथामा असारे बालीमा धान रोप्ने, पानी लगाउने, खनजोत गर्ने खेती पातीको समयलाई देखाइएको छ । यस समयमा नियाल्न सकिने वरपरको वावरण असाध्यै मनोरम लाग्ने कहिले पानी पर्ने त कहिले चर्को घाम लाग्ने दृश्यहरू वस्तवमै वातावरणले जो कोहीको मन लोभिने हुन्छ । त्यस्तै यहाँ घरदेखि लिएर खेत हुँदै घाटसम्मको चर्चा गरिएको छ । दिवाको समयलाई महत्वका साथ प्रस्तुत गरिएको छ ।  किसानहरू यस असार साउनको महिनामा बिहानदेखि साँझसम्म खेतबारीमै व्यस्त हुन्छन् ,जंगलमा नगई चुलामा भात नपाक्ने भएकाले उनीहरू जंगलमा दाउरा भाँच्ने कार्यमा पनि उत्तिकै सक्रिय हुन्छन् । यसरी यस लोककथामा समय,स्थान,तथा विभिन्न परिस्थितिको चर्चा गरिएको छ ।

३.४.६ **संवाद**

प्रस्तुत बूढी आमा र चार छोरा लोककथामा प्रत्येक समयमा आमा र छोराहरूबीच कुराकानी भएको छ । आमाले छोराहरूलाई जाऊ छोराहरू खेतमा पानी बढी भयो होला मारेर आऊ भन्छिन् । छोराहरूले हवस् आमा भन्दै खेतमा पानी मार्न जान्छन् । अर्कोपटक छोराहरू हो ! दाउरा लिन जाऊ भन्छिन् । दाउरा लिएर आएपछि कता राख्ने आमा ? भनेर सोध्छन् । आमाले रिसाएर मेरो टाउकोमा राख  भन्छिन् । यसरी हरेक पटक आमा र छोराहरुबीच सरल भाषामा संवाद हुन्छ । त्यसैले यस कथामा संवादको भरपूर प्रयोग भएको छ ।

३.४.७**उदेश्य**

यो लोककथा सन्देशमूलक कथा हो । यसमा चार छोराहरूले बारम्बार गरेको गल्तीबाट हामी एउटा गल्ती गरिसकेपछि त्यो गल्तीलाई फेरि दोहोऱ्याउने होइन कि अर्को गल्ती हुन नदिई आफूलाई सुधार्ने प्रयास गर्नुपर्ने कुरालाई जोड दिइएको छ । त्यस्तै यसमा मनोरञ्जन पनि प्रशस्तै पाइन्छ । हाँस्यव्यङ्ग्यात्मकता प्रस्तुत गरिएको छ । अभिभाभवकको आफ्नो बच्चाप्रतिको असल भूमिकालाई

व्यङग्यात्मक रूपमा प्रस्तुत  गर्न खोजिएको छ । नेपाली समाजको सामाजिक विकृति र विसङगतिको चित्रण गरिएको छ ।

३.४.८ **शैली**

शैली भन्नासाथ भाषालाई प्रयोग गर्ने माध्यम वा तरिका हुन्छ । यस लोककथामा घटित घटनाहरू वर्णनात्मक शैलीमा प्रस्तुत छन् । आमाले प्रत्येक पटक अह्राएका कामहरू छोराहरूबाट बिग्रिँदा आमा रिसाएर गाली गर्ने , झर्किने गरेकी छिन् । आक्रमक रूपमा प्रस्तुत भएकी छिन् । यसले गर्दा भाषा प्रस्तुत गर्ने शैलीमा पनि द्वन्दात्मकता पाइन्छ । समग्रमा यस लोककथा वर्णनात्मक शैलीमा रचित कथा हो ।

३.४.९ **भाषा**

भाषा विना मानिसमा एक अर्काबीच अर्न्तक्रिया हुन सक्दैन । भाषाकै प्रयोगले एक अर्कामा विचारको आदानप्रदान हुन्छ । यसै अनुसार यस लोककथामा पनि नेपाली कथ्य भाषाको प्रयोग भएको छ । छोराहरूको बारम्बारको गल्तीबाट हैरान भएकी आमाले हे भगवान ! हरे शिव ! कठै ! जस्ता शब्दहरु प्रयोग गरेकी छन् । यस कथामा नेपाली मानक भाषाको प्रयोग सरल र मिठास रूपमा गरिएको छ । हत्तेरी, ओहो, अरे जस्ता नेपाली मौलिक कथा भाषाको प्रयोग यस कथाका पात्रहरूले गरेका छन् ।

यसरी यस लोककथामा मौलिक नेपाली कथ्य भाषाको बढी मात्रामा प्रयोग भएको पाइन्छ ।

३.४.१० **निष्कर्ष**

यो बूढी आमा र चार छोरा लोककथा सन्देशमूलक कथा हो । यस कथाका माध्यमबाट बारम्बार भूल गर्ने प्रवृत्तिलाई सुधार्ने प्रयत्न गर्नुपर्ने कुरामा जोड दिइएको छ । प्रत्येक अभिभावक आफ्ना सन्तानप्रति जिम्मेवार हुनुपर्ने, रिसले मात्र सुधार्न खोज्नु गलत हो, मायालु वातावरण निर्माण गरी बच्चाका गलत कार्यको अन्त्य गरेर सही मार्गमा ल्याउन सकिन्छ जसरी यस कथाका पात्र बूढी आमाले छोराहरूले गरेको पहिलो गल्ती पानी सँगै धान मार्ने गरेको कार्यलाई सम्झाइ बुझाई गरेर अबदेखि बुझेर मात्र काम गर्नुपर्छ भनेर सल्लाह दिएकी भए आफ्नो ज्यान गुमाउनु पर्दैनथ्यो । छोराहरूले पनि आमाले गाली गर्नुभएको हामीले गलत काम गरेर हो भनी भूल सुधार्नुपर्थ्यो, अर्को भूल

फेरि गर्न हुदैंनथ्यो यसरी गल्ती भयो भने त्यस गल्तीलाई सुधारेर असल काम गर्नुपर्छ ,घरपरिवारमा मिलेर बर्स्नुपर्छ र शारीरिक तथा मानसिक रूपमा असक्त व्यक्तिहरूलाई रिस र क्रोधले नभई माया र असल आचरणले सुधार्न सकिन्छ भन्ने सन्देशलाई यस कथामा रोचक ढङगमा प्रस्तुत गरिएको छ ।

## ३.५ डल्ला र टपरीको कथा लोककथाको विश्लेषण

### ३.५.१ परिचय

प्रस्तुत डल्ला र टपरीको कथा सामाजिक लोककथा हो । यस लोककथामा डल्ला र टपरी असाध्यै मिल्ने साथी हुन्छन् । मित्रता भनेको सुख दुःखमा साथ दिने गुण हो । यसै अनुसार यस कथामा डल्ला र टपरीको घनिष्ट मित्रता देखाइ सम्पूर्ण मानव जातिले पनि एकअर्कामा सहयोगको भावना राख्न सक्नुपर्ने यथार्थ पक्ष यस कथामा उजागर गरिएको छ।

ढुङ्गाको भर माटो र माटोको भर ढुङ्गा भनेझै वास्तवमै डल्ला र टपरी एकअर्काका विश्वास अनि संरक्षक थिए । हामीले पनि डल्ला र टपरीझैँ मिलेर आफू र आफ्नो मित्रको रक्षा गर्न सक्छौं । निस्वार्थ भावनाले सबैको सहयोग गर्नुपर्छ । अह्मको भावनाले मित्र नभई शत्रु मात्र जोड्न सक्छौं। त्यसैले शत्रुता हैन मित्रता गाँस्न सक्नुपर्छ । समूहमा ठूलो तागत हुन्छ । आफ्नो मित्र एकअर्काको भरोसा र विश्वास बनेर बस्न सक्नुपर्छ ।

त्यस्तै समय सधैँ एकैनासको हुँदैन । समयको परिवर्तन सँगै जिन्दगीमा पनि उतारचढाव आउँछ । जसरी डल्ला र टपरी एकअर्काको सहारा भैकन पनि उनीहरूले समयको बहाकलाई रोक्न सकेनन्, एकदिन चलेको हावा र पानीले दुवैको जीवनको अन्त्य भएको छ । प्राकृतिक प्रकोपको अगाडि कसैको पनि केही चल्दैन । आपत विपत जस्तो कुरा सूचना दिएर आउँदैन भन्ने सन्देश दिइएको छ ।

### ३.५.२ डल्ला र टपरीको कथा

एकादेशमा एउटा डल्ला र अर्को टपरी थियो । उनीहरु एकअर्कामा असाध्यै मिल्ने साथी थिए । एकदिन डल्लाले भनेछ -“टपरी दिदी ! टपरी दिदी ! चैत वैशाखको समय आयो अब हावाहुरी र पानी आउने गर्छ । त्यस समयमा यदि पानी आएछ भने तिमीले मलाई छोप र हावा आएछ भने म तिमीलाई थिच्छु । यसरी हामीले एकअर्कालाई सहयोग गऱ्यौं भने हामी दुवै बाँच्न सक्छौं ।”

एकदिन पानी आएछ डल्लालाई टपरीले छोपेर बचायो भने अर्को दिन फेरि हावा आएछ र त्यस बखत डल्लाले टपरीलाई थिचेर बचाएछ । तर एकदिन त्यस्तो दिन आयो कि आकाश गड्गडाएर ठूलो हावाहुरी अनि पानी एकैचोटी आएछ । त्यसबखतमा न त टपरीले डल्लालाई हुरीबाट बचाउन सक्यो न त डल्लाले टपरीलाई नै बचाउन सक्यो । पानी र हावाहुरीको कारण डल्ला एकठाउँमा भिजेर रह्यो भने टपरीलाई पनि हावाले उडाएर लग्यो ।

### ३.५.३**कथानक**

प्रस्तुत डल्ला र टपरीको कथा  एक सामाजिक लोककथा हो । यस लोककथामा डल्ला र टपरी प्रमुख पात्रहरू हुन्छन् । तिनीहरु असाध्यै मिल्ने साथी हुन्छन् । डल्लालाई आपत पर्दा टपरी बचाउने र टपरीलाई दुःख पर्दा डल्लाले बचाउने गर्दछन् । त्यसैगरी एक समयमा त्यस्तो आयो जुन चैत्र वैशाखको मौसम थियो । चारैतिर हावाहुरी, पानी दरदर पर्ने, बोटबिरुवादेखि सम्पूर्ण प्राणी जंगलमै आकुलब्याकुलको स्थिति आउँछ । अब डल्ला र टपरीलाई पनि ठूलो संकट आइपर्छ । उनीहरू एक अर्कालाई कसरी बचाउने भन्ने बारेमा सल्लाह गर्न थाल्छन् ।

डल्लाले टपरी दिदी अब चैत्र बैशाखको समय आयो हावाहुरी र पानीले हामीलाई बाँच्न दिदैन , त्यसैले पानी आउँदा तिमी मलाई छोप , हावा आउँदा म तिमीलाई थिच्नेछु भनि सल्लाह गर्छन् । नभन्दै एकदिन हावाहुरी र पानी एकैपटक आउँछ । डल्लालाई पानीले पूरै हिलो बनाएर जमिनमै मिलाईदिन्छ भने हावाहुरीले टपरीलाई उडाएर कता पुऱ्याउँछ । यसरी एकअर्कालाई बचाएर सुख दुख साटासाट गरेर बसेका डल्ला र टपरीको अन्त्य हुदा कथाको पनि अन्त्य हुन्छ ।

### ३.५.४**पात्र**

यस डल्ला र टपरी लोककथामा दुई प्रमुख पात्रहरू डल्ला र टपरी हुन्छन् । यी दुवै मानवेत्तर पात्र हुन् । डल्ला नायक हो भने टपरी नायिका हुन् । कथामा डल्ला र टपरी बीचको रोचक कुराकानीले कथा अझै रोचक बनेको छ डल्लाले टपरी दिदी हावा चल्यो, आउनु म थिच्छु तपाईलाई भनेर थिचिदिएको छ । भने टपरीले ए डल्ले भाइ ! पानी पऱ्यो है आऊ म तिमीलाई छोपिदिएर बचाउँछु । भनेर घप्लक्क छोपिदिएर बचाउँछ । यसरी यी दुई पात्रको अभिनयमा कथाको संरचना पूर्ण भएको छ ।

### ३.५.५**परिवेश**

प्रस्तुत डल्ला र टपरी लोककथामा हावाहुरी चल्ने र पानी पर्ने त कहिले टन्टलापुर घाम लाग्ने चैत्र बैशाखमा समयलाई देखाउन खोजिएको छ । डल्ला र टपरी बस्ने खुल्ला प्रकृतिमा चारैतिर हरियाली डाँडापाखा, खोलानाला तथा गरागरा परेको खेतबारीको चर्चा गरिएको छ ।

दिउँसोको समयमा खेतको आलीमा बसेर डल्लाले टपरी दिदी मलाई बचाऊ है । भनेको प्रसंग र टपरीले पीर नगर तिमी मलाई बचाऊ, म तिमीलाई बचाउँछु । भनेको प्रसंगलाई बडो रमाइलोका साथ प्रस्तुत गरिएको छ ।

### ३.५.६**संवाद**

संवाद दुईजना बीचको कुराकानी हो । संवादले गर्दा एक अर्काको विचार साटासाट हुन्छ । यस लोककथामा डल्ला र टपरी बीच भएको रोचक कुराकानीलाई प्रस्तुत गरिएको छ । चैत्र वैशाखको समयमा कसरी एकअर्कालाई बचाएर रहने भन्ने विषयमा छलफल भएको छ । डल्लाले टपरी दिदी ठूलो पानी आउला जस्तो छ, मलाई छोपेर बचाइदेऊ है भनेको छ भने टपरीले पनि मलाई पनि हावाहुरीचल्दा थिचिराख  भन्दै एकअर्कालाई बचाउँछन् ।

### ३.५.७**उद्देश्य**

प्रस्तुत डल्ला र टपरी लोककथा सामाजिक लोककथा हो । यस लोककथका उद्देश्य डल्ला र टपरीको मित्रता प्रस्तुत गरी नेपाली समाजमा एक अर्कोसँग मिलेर बस्नुपर्ने सन्देश प्रदान गर्नु हो । प्राकृतिक प्रकोप कसैको अधीनमा नहुने भएकाले यसले कतिबेला क्षति पुऱ्याउँछ  हामी कसैलाई थाहा हुदैंन ।

यसरी सरल र मिठो भाषामा रचित यस लोककथामा डल्ला र टपरी मानवेत्तर पात्रको मध्यमबाट मानिसमा पनि एक अर्काले मिलेर बर्स्नुपर्ने र सुख दुःख दुवैमा मित्रको महत्वपूर्ण भूमिका रहने सन्देश दिन खोजिएको छ ।

३.५.८**शैली**

प्रस्तुत डल्ला र टपरी लोककथा वर्णनात्मक शैलीमा रचित कथा हो । यस कथामा डल्ला र टपरीबीचको घनिष्ठ मित्रताको वर्णन गरिएको छ । उनीहरूले आआफ्नो ज्यान बचाउन एकअर्कामा सहयोगको अपेक्षा गरेको प्रसंगलाई बडो रोचक ढङगमा प्रस्तुत गरिएको छ। उनीहरूबीच भएको भाषा प्रयोगमा शैलीले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।

३.५.९ **भाषा**

यस डल्ला र टपरी लोककथामा सरल र सहज भाषाको प्रयोग गरिएको छ। यस कथामा प्रयुक्त दुई पात्रहरू डल्ला र टपरी बीचको कुराकानीका माध्यमबाट भाषाको सम्प्रेषण भएको छ । यस लोककथामा नेपाली स्थानीय भाषाको प्रयोग भएको छ ।  भाषामा मिठासपन भएकोले यो लोककथा रोचक छ।

३.५.१०**निष्कर्ष**

अन्त्यमा प्रस्तुत डल्ला र टपरी  लोककथा शिक्षामूलक लोककथा हो । यस कथामा विशेषगरी असल मित्रमा हुनुपर्ने गुणको चर्चा गरिएको छ भने प्राकृतिक प्रकोपको आपत् विपत विना सूचना आउने गर्छ । यसबाट बँच्न बेलैमा सर्तकता अपनाउनुपर्ने कुरामा जोड दिइएको छ । त्यस्तै मनोरञ्जनपूर्ण पनि उतिकै रहको छ। डल्ला र टपरी बीच रहेको घनिष्ठ मित्रता , उनीहरुबीच भएका रमाइला कुराकानी र सँगै हाँसखेल गरेर बिताएका पलहरूलाई रोचक ढङ्गमा प्रस्तुत गरिएको छ । असल मित्र सुःखमा मात्र नभई दुखमा पनि साथ दिने हुन्छन् । डल्लाले हावाहुरी चल्दा टपरीलाई उडाउला भनेर थिचेर राख्नु र टपरीले ठूलो पानी पर्दा डल्ला गल्छ भनेर छोपीदिनुबाट असल मित्रको गुण झल्किन्छ।

उनीहरू एकअर्कामा असाध्यै मिल्ने मित्र हुन्छन् । चैत्र वैशाखको समयमा हावाहुरी र पानी परिरहन्छ तर त्यस्तो अवस्थामा पनि उनीहरू एकअर्कालाई बचाएर बसिरहेकै हुन्छन् । एकदिन फेरि यस्तो भयानक दिन पनि आउँछ। चारैतिर कालोनिलो भएर आकाश पूरै गड्गडाएर ठूलो पानी पर्छ भने हावाहुरी नि खुब चल्छ । यस्तो अवस्थामा न त टपरीले डल्लालाई बचाउन सक्यो न त डल्लाले टपरीलाई नै बचाउन सक्यो। अन्तत : दुवैको मृत्यु भयो। कथाको पनि अन्त्य भयो।

### ३.६ लोभी दिदी लोककथाको विश्लेषण

### ३.६.१परिचय

प्रस्तुत लोभी दिदी लोककथा सामाजिक लोककथा हो । यस कथामा नेपाली लोकसमाजमा विद्यमान यथार्थ पक्षलाई रोचक ढङ्गमा प्रस्तुत गरिएको छ । हाम्रो घरपरिवार, नातागोता, छिमेकमा हुने गरेको विभिन्न क्रियाकलाप तथा विकृति विसङगतिलाई देखाउन खोजिएको छ । यस कथामा प्रमुख पात्रहरु (नायिका)दिदी र बहिनीको माध्यमबाट समाजका विकृति विसङगतिको पर्दाफास भएको छ । लोभले लाभ ,लाभले विलाप भन्ने भनाइले सार्थकता पाएको छ । नेपाली समाजमा आफ्नै दाजुभाइबीच ,आफ्नै दिदीबहिनीबीच पनि लोभलालच र घमण्डीपनले मनमुटाब ल्याएको छ । यस कथामा ब्यङ्ग्य प्रहार गर्दै दिदीले लोभ गर्दा भालुको दिसा मात्र प्राप्त भएको कुरा प्रस्तुत छ । धनले गर्दा मानिसमा ईर्ष्या डाह बढ्नुका साथै मानिस घमण्डी पनि हुने गरेको यथार्थलाई यस कथामा देखाइएको छ ।

### ३.६.२. लोभी दिदीको कथा

एउटा गाउँमा दिदी र बहिनी बस्दथे । दिदी धनी थिइन् भने बहिनी गरिब थिइन् । बहिनी रुँदै रुँदै सिस्नो टिप्न गइछ अनि दिदीले दिउसोभरि जुम्रा हेर्न लगाइछ । जुम्रा हेरेर बस्दा पकाउने कुरो त केही थिएन । त्यसपछि दिदी मलाई पकाउने कुरो केही छैन भनिन् । दिदी चाहिँ अलि लोभी थिइन् । दिनभर जुम्रा हेर्न लगाएर एकमुठी पिठो मात्र लगेर खा भनेर दिइन् । त्यति पिठोले के गर्ने भन्दै रुँदैरुँदै घर जाँदै गर्दा भालू भेटिएछ । भालूले किन रोएकी भनेर सोध्दा बहिनीले लोभी दिदीले दिनभरि जुम्रा हेर्न लगाएर जम्मा एकमुठी पिठो दिएको र आफू भोकै भएको कुरा बताइन् । भालूले नरोऊ भोलि बिहानै घरको एककुनामा सफा गरी लिपपोत गरेर चोखो बनाइराख्नु म तिम्रो घरमा आउँछु भनेर भालू आफ्नो बाटो लागेछ । भोलिपल्ट भालू आएर सुनै सुन छेरिदिएछ । अनि बहिनी त धेरै धनी पो भइछिन् । उता लोभी दिदी गरिब बहिनी एक्कासी धनी कसरी भयो भनी कारण बुझ्न गई । बहिनी धन भर्न पाथी माग्न आइन् । त्यही बेला दिदीले कसरी धनी भइस् ? भनेर सोधिन् । बहिनीले सबै कुरा बताइन् । लोभी दिदीले पनि बहिनीले भनेजस्तै लिपपोत गरेर बसिन् । भालू आएर धनको सट्टा पूरै गोबर नै गोबर छेरिदियो । यसरी लोभी दिदी जिल्ल परिन् ।

### ३.६.३.कथानक

प्रस्तुत ‘लोभी दिदी’ लोककथामा दुई दिदी बहिनीबीच भएका क्रियाकलापलाई रोचक ढङ्गमा प्रस्तुत गरिएको छ । यस कथाकी नायिका दिदी र बहिनीमा दिदी धनी हुन्छिन् भने बहिनी गरिब हुन्छिन् । विलासिताको जीवनले दिदी लोभी बन्दै जान्छिन् भने बहिनी गरिब हुन्छिन् तर इमान्दार र असल हुन्छिन् । यस्तैमा एकदिन दिदीले बहिनीलाई एक पाथी चामल दिन्छु जुम्रा हेर्न आऊ भनी बोलाउँछिन् । दिनभर जुम्रा हेर्न लगाउँछिन्, तर बेलुका घरमा जाने बेला एकमुठी पिठो मात्र दिन्छिन् । त्यति थोरै पिठोले के गर्ने भनेर रुदै घरको बाटो लाग्छिन् । बहिनी रुँदैरूँदै घर जाँदै गर्दा भालुले देख्छ, भालुले के भयो भनेर सोध्न थाल्छ । बहिनीले पनि भालूलाई आफ्नो दिदीले अन्यायमा पारेको कुरा बताउँछिन् । बहिनीले सबै कुरा रुँदै बताएपछि भालूको मनमा दया लागेर आउँछ । अनि भालूले चोखो ठाउँमा लिपपोत गरेर राख्नु म भोलि आउँछु भनी बहिनीलाई सम्झाएर आफ्नो बाटो लाग्छ । भोलिपल्ट भालूले भने जस्तै बहिनीले घरको एक कुनामा चोखो बनाएर लिपपोत गरी सफा बनाएर राख्छिन् । एकैछिनमा भालू आएर सुनै सुन छेरिदिन्छ अनि बहिनी पनि धनी हुन्छिन् । यो कुरा गाउँमा फैलिन्छ । दिदीले पनि बहिनी एक्कासि धनी भएको कुरा थाहा पाउँछिन् । उता बहिनी धन भर्नका लागि पाथी माग्न जान्छिन् अनि दिदीले कसरी धनी भइस् ? भनी सोध्दा सोझी बहिनीले सबै कुरा बताउँछिन् । लोभी दिदी लोभले चूर भई बहिनीले जस्तै लिपपोत गरी सफा गरेर राख्छिन् । भालू आएर सुनको सट्टा गोबर नै गोबर छेरिदिएर जान्छ । लोभी दिदी खिस्रिक्क हुन्छिन् । कथाको पनि अन्त्य हुन्छ । यस कथामा आदि, मध्य र अन्त्यको संयोजन उपयुक्त देखिन्छ ।

### ३.६.४.पात्र

यस लोभी दिदी लोककथामा दिदी र बहिनी दुई नारी पात्र सक्रिय छन् । दिदी खलनायिका हुन् भने बहिनी नायिका हुन् । दिदीको भूमिका खलनायिकाको रूपमा रहेको छ । उनीले आफ्नी बहिनीको गरिबीको खिल्ली उडाएकी छिन् । आफ्नी बहिनीलाई दुःख पर्दा सहयोग गरेकी छैनन् । बहिनीको डाह गर्ने लोभी स्वभावकी छिन । धनको घमण्डीपनले उनलाई मायामोह भन्दा धनको मोह बढी जागेको देखिन्छ । अर्को पात्र बहिनी असल चरित्रमा देखापर्छिन् । उनी यस कथाकी नायिका हुन् । दिदीले आफ्नो खिल्ली उडाए पनि दिदीलाई माया गर्छिन् । सबै सत्य कुरा पनि बताउँछिन् । त्यसैले बहिनी यस कथाकी केन्द्रीय पात्र हुन् । त्यस्तै भालू यस कथाका सहायक पात्र हो ।

### ३.६.५. परिवेश

प्रस्तुत 'लोभी दिदी' लोककथा सामाजिक कथा हो । यस कथामा नेपाली समाजको सामाजिक परिवेशको चर्चा गरिएको छ । नेपाली समाजमा मानिसहरूको दिनचर्याको चर्चा गर्दै गोठालो जाने, दाउरा घाँस गर्न जंगल जाने, एकछिन फुर्सद हुँदा जुम्रा हेर्ने, अरूको कुरा काट्ने प्रवृत्तिको चर्चा गरिएको छ । गाउँले परिवेश प्रस्तुत गरिएको यस कथामा घरदेखि सिस्नो टिप्न गएकी बहिनी दिदीको घरमा पुगेको त्यहाँ आँगनमा बसेर दिउँसोमा जुम्रा हेरेको र पछि साँझ घर फर्केको, बाटोमा भालू भेटिएको प्रसङ्गलाई सन्देशमूलक ढङ्गमा प्रस्तुत गरिएको छ । त्यस्तै घरको एक छेउमा लिपपोत गरेको प्रसङ्ग पनि ज्यादै रोचक छ ।

### ३.६.६. संवाद

यस लोककथामा भएका पात्रहरूबीच रोचक कुराकानी भएको छ । नेपाली स्थानीय लोकभाषाको प्रयोग गरिएको छ । बहिनी रुँदैरुँदै सिस्नो टिप्न गएको प्रसङ्गबाट संवाद सुरु भएको छ । दिदीले बहिनी रोएको देखेर "बहिनी किन रोएकी ? के भयो भन् त ?" अनि बहिनीले आँसु पुछ्दै "घरमा पकाउने कुरा केही छैन कसलाई भन्ने के गरूँ ? भोकभोकै हुने भएँ दिदी, बरू अलिकति चामल छ भने दिनुस् न ।" भन्छिन् । "जुम्रा मारिदे त म दिन्छु ।" भनी फकाउँछिन् । उता घर जाँदै गर्दा बाटोमा बहिनीको फेरि संवाद हुन्छ । भालूले बहिनी रोएको देखेर सोध्छ - "के भयो ? किन रोएकी ?" "गरिब भएकोले आफ्नै दिदीले नि हेपिन्" भनी भालुलाई सुनाउँछिन् । भालूले "नरोऊ, मन दुःखी नबनाऊ, म भोलि आउँछु घरको एक कुनामा सफा बनाइराख्नु भनेर आफ्नो बाटो लाग्छ । यसरी यस कथामा रोचक संवाद प्रयोग भएको छ ।

### ३.६.७. उद्देश्य

प्रस्तुत लोककथा सन्देशमूलक लोककथा हो । यस कथाको उद्देश्य हामीले लोभ लालच त्याग्नु पर्ने कुरालाई जोड दिइएको र धनभन्दा मन ठूलो हुन्छ भन्ने विषयलाई समेत देखाउनु हो । दिदी-बहिनी, दाजुभाइ बीचको नाता र सम्बन्ध भनेको प्रगाढ हुनुपर्छ । क्षणिक नाशवान वस्तुका लागि आफन्त बीच दुरी पैदा गर्नु मूर्खता हो । आफन्तको माया भनेको सुखमा मात्र नभई दुःखमा पनि हो । दुःख आइपर्दा मिलेर समस्याको समाधान गर्नु महानता हो । दिदीले बहिनीलाई होस् या बहिनीले

दिदीलाई होस् होच्याएर हेपेर बोल्नु राम्रो होइन भन्ने यथार्थलाई देखाउनु यस कथाको मूल उद्देश्य हो । धनको घमण्डले मानिसलाई अन्धो बनाएको हुन्छ, नातासम्बन्ध र माया प्रेम त्यस्ता व्यक्तिका निम्ति महत्त्व हुँदैन, जताबाट पनि फाइदा हेर्न थाल्छन् भन्ने वास्तविकतालाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गर्नु यस कथाको उद्देश्य हो ।

### ३.६.८. शैली

यस लोककथामा प्रयुक्त भाषालाई कथा पात्रहरूले सरल शैलीमा प्रस्तुत गरेका छन् । कथामा पात्रले प्रयोग गरेका भाषा तथा शब्दहरू सरल, सहज रूपमा प्रस्तुत भएका छन् । वर्णनात्मक शैलीमा रचिएको यस लोककथामा दिदीको घमण्डीपन र बहिनीको इमान्दारिताको चर्चा रोचक ढङ्गमा गरिएको छ । बहिनीले आफ्नो पीडालाई रुँदैरुँदै भालुसामु र दिदी सामु प्रस्तुत गरेको प्रसङ्गलाई मार्मिक शैलीमा देखाउन खोजिएको छ । विशेष गरी गाउँले जनजीवनलाई चर्चा गरिएको यस कथामा प्रयोग गरिएका भाषा कथ्य शैलीमा छन् । स्थानीय रूपमा प्रयुक्त बोलचालका भाषा बढी प्रयोगमा आएको छ ।

### ३.६.९. भाषा

यस 'लोभी दिदी' लोककथामा नेपाली स्थानीय भाषाको प्रयोग भएको छ । नेपालको गाउँले परिवेशमा रहने मानिसहरूले प्रयोग गर्ने नेपाली स्थानीय कथ्य भाषाको प्रयोग गरिएको छ । आ न त आबुई, हत्तेरी जस्ता कथ्य भाषालाई यसका पात्रहरूले गरेका छन् । मानवेत्तर पात्र भालूले समेत संवाद गरेको प्रसङ्ग रोचक रहेको छ । सरल र सहज भाषाको प्रयोग भएको छ । भाषाकै माध्यमबाट दिदी बहिनीबीच वार्तालाप भएको छ । बहिनीले आफूलाई परेको दुःखलाई भालुसँग प्रस्तुत गर्ने माध्यम पनि भाषा नै हो । उनले रुँदैरुँदै आफ्ना पीडा, व्यथा भालू सामु प्रस्तुत गरेकी छन् भने भालूले पनि सान्त्वना दिँदै घर सफा गरी लिपपोत गर्न भनेको छ । यसरी ग्रामीण कथ्य भाषाको प्रयोग भएको छ ।

### ३.६.१०.निष्कर्ष

अन्त्यमा यो लोककथा सन्देशमूलक र रोचक रहेको छ । लोभी, घमण्डी प्रवृत्तिका व्यक्तिहरूलाई धारिलो व्यङ्ग्य प्रहार गरी सही मार्गमा ल्याउने प्रयास गरिएको छ । धन भनेको नाशवान् वस्तु हो । क्षणिक आनन्द दिन्छ तर आफन्तप्रतिको मायाप्रेम जीवनभर गाढा रहन्छ । आफ्नोपन जीवनको अन्त्य भएपछि पनि रहिरहन्छ । मानिस मरेर गए पनि व्यक्तिप्रतिको प्रेम र सम्झना मिठो स्मृति बनेर रहेको

हुन्छ । क्षणिक लाभ हुने धनको लोभमा आफ्नी बहिनीलाई माया नगर्ने, उसको गरिबीपनको खिल्ली उडाउने यस लोककथाकी खलपात्र दिदी अन्तिममा गएर लोभ र लालचकै कारण हातमा लागे शून्य भएकी छिन् । बहिनीको डाह गरेर धन लिन तम्सेकी दिदीलाई भालुले गोबर सिवाय केही दिदैन । यसरी जस्तो काम गऱ्यो त्यस्तै फल पाइन्छ । राम्रो कार्य गरेकी भए सायद दिदीले पनि सुनैसुन पाउँथिन् होला तर आफ्नी सोझी गरिब बहिनीको डाह गर्ने ईर्ष्या गर्ने दिदीको भगवान्ले पनि तिरस्कार गर्नु भएको छ । बहिनी असल भएकीले पुरस्कार दिनुभयो भनी दिदी लोभी स्वभावकी भएकीले भगवान्ले भालूको माध्यमबाट गोबर नै गोबर दिनुभयो ।

त्यसैले अरूको लोभ गर्नु हुँदैन, मिहिनेत गरेर असल व्यक्ति बनेर जीवनयापन गर्नुपर्छ । लोभले लाभ, लाभले विलाप हुने भएकोले लोभ लालच त्यागेर प्रेममय व्यवहार सिर्जना गर्नुपर्छ र सहयोग सद्भावनाका साथ अगाडि बढ्नु पर्छ भन्ने मूल सन्देश यस कथाले दिएको छ ।

## ३.७ 'निर्दयी सौतेनी आमा' कथाको विश्लेषण

### ३.७.१ परिचय

प्रस्तुत 'निर्दयी सौतेनी आमा' लोककथा सामाजिक लोककथा हो । नेपाली समाजमा रहेका विकृति विसङ्गतिलाई कथाको माध्यमबाट देखाउन खोजिएको छ । हाम्रो नेपाली समाज अझै पनि अशिक्षा र रूढिवादी परम्पराले जेलिएको अवस्थामा छ । एउटी टुहुरी केटीले आफ्नी सौतेनी आमाको टोकसो सहेर जीवन बाँच्नु पर्ने गरेको मार्मिक पक्षलाई कथामा प्रष्ट रूपमा देखाइएको छ । आफ्नो र अरूको भन्ने भेदभावको व्यवहार गर्ने सौतेनी आमाहरूप्रति धारिलो व्यङ्ग्य प्रहार गरिएको छ ।

कथामा विचरा टुहुरी केटी सौतेनी आमाले सानोतिनी गल्ती गर्दा पनि रिसाउर पिट्ने, गाली दिने गर्छिन् । सौताकी छोराछोरी पनि आफ्नै हुन् भन्ने नसोच्ने निर्दयी आमाहरूले गर्दा नै समाजमा भेदभाव जस्तो कुरीतिले जरो गाडेर बसेको वास्तविकतालाई यस कथामा जीवन्त चित्रण गरिएको छ । गाउँले परिवेशको जनजीवनलाई जस्ताको तस्तै चित्रण गरिएको यस लोककथामा नेपालको पहाडी भेगको जीवन भोगाइका पक्षलाई रोचक ढङ्गमा प्रस्तुत गरिएको छ । भेदभावको भावना त्यागनु पर्ने, समान नजरले हेर्नुपर्ने सन्देश यस कथाबाट लिन सकिन्छ ।

### ३.७.२ निर्दयी सौतेनी आमाको कथा

एकादेशमा बूढा र बूढी थिए । बूढाको जेठी श्रीमती मरेकीले बूढीकी एउटी छोरी पनि थिइन् । त्यो छोरीलाई अर्को बूढी सौतेनी आमाले असाध्यै हेला गर्थिन् । खान, लाउन पनि नदिने काम मात्र अह्राइरहने रे । त्यो छोरी जहिले भेडा गोठालो जाने गर्थी रे । एकदिनको कुरा हो भेडा चराउन जाँदा

त्यो छोरी असाध्यै रोइछ रे आफ्नो गोठाल्नी रोएको देखेर भेडालाई देउता चढेछ रे अनि त्यो भेडाले किन रोएको भनेर सोधेछ । त्यो केटीले मलाई सौतेनी आमाले जहिले पनि काम मात्र गराउँछिन्, खान पनि दिँदैन भनेर आफ्नो दुःख पोखिन् अनि भेडाले नरोऊ म तिमीलाई खीर छेरिदिन्छु त्यही खाउ भनेछ रे । अनि त्यो केटीले टन्न खाइछिन् र दिनदिनै गोठालो जाने र भेडाले छेरिदिएको खीर खाने गरेर छोरी त मोटाउँदै गइछ । अनि सौतेनी आमाले आफ्नो छोरीलाई कसरी मोटाएछ भनेर बुझ्नको लागि सँगसँगै गोठालो पठाउन थालिछन् । गोठालो जाँदा भेडाले फेरि खीर छेरिदिएछ अनि दिदी  भाइ टन्न खाएछन् । भाइले बाठो भएर नङमा खीर अड्काएर राखेछ । बेलुका घरमा आएर दिदीले भेडाले छेरीदिएको खीर खाएर मोटाएको कुरा आमालाई बताएछ ।

अब आमाले बिरामी भएको बहाना गरिन् रे धामी ल्याएर धुपधाप गर्दा धामीलाई भेडीको मासु खाएमा निको हुने कुरा बताएछ । अनि धामी र सौतेनी आमा मिलेर भेडालाई मार्ने भएछन् । उता भेडाले त्यो कुरा सुनेपछि रुँदैरुँदै केटीलाई भनेछ हेर अब मलाई भोग दिने भनेका छन् । मलाई मारेपछि मेरो मासु तिमीले नखानू , तिमीले हाडखोर सबै लगेर चोखो ठाउँमा लगेर राखिदेऊ भनेछ रे केटीले पनि भेडाले भनेजस्तै  भेडाको हड्डी सबै राखिदियो ।  एक हप्ता पछि त्यो ठाउँमा सुनैसुनको दरबार भएछ रे । सौतेनी आमाले जति गरे पनि झन् धनी भएपछि त्यो छोरीलाई मार्छु भनेर दरबारमा आगो लगाइदिएछ तर छोरी भने भागेर बाँचिछिन् । निर्दयी सौतेनी आमा भने आफूले लगाएको आगोको तातो खरानीमा परेर मरिछिन् ।

### ३.७.३ कथानक

प्रस्तुत 'निर्दयी सौतेनी आमा' लोककथामा सौतेनी आमाले जेठीकी छोरीलाई दुर्व्यवहार गरेको प्रसङ्ग रहेको छ । कथाका नायक पात्र बूढोले जेठी श्रीमतीको निधन भएकोले अर्की कान्छी श्रीमती विवाह गर्छ । कान्छी बूढीले केही समय त त्यो टुहुरी छोरीलाई माया गर्छे स्याहार सुसार गर्छे । तर समय बित्दै जाँदा सौतेनी छोरीप्रति ती आमाको व्यवहार नै बेग्लै हुन्छ । उनी आफ्नी छोरीलाई भने मीठो स्वादिष्ट खाना खुवाउने, कुनै काम नगराउने गर्छिन् । उता सौतेनी छोरी भने रुँदैरुँदै दिनहुँ भेडा

गोठालो जान्छिन् । सौतेनी आमाको टोकसो खप्न नसकी दिनहुँ दुब्लाउँदै जान्छिन् । जति काम गरे पनि निर्दयी सौतेनी आमा खान लाउन नदिने पिटिरहने गर्छिन् छोरी रोएको देखेर भेडाके मनमा असाध्यै दया जागेर आउँछ । भेडाले "नरोऊ म तिमीलाई दिनहुँ खीर छेरिदिन्छु खाऊ ।" भन्छ । अनि सौतेनी आमाले थाहा नपाउने गरी खीर टन्न खाएर साँझ घर फर्किन्छिन् । उता सौतेनी आमालाई सौतेनी छोरी मोटाएकोमा  शंका गर्न थाल्छिन् । आफ्नी छोरीलाई चियोचर्या गर्न सँगै गोठालो पठाउँछिन् । सौतेनी आमाकी छोरीले दिदीले गोठालोमा भेडाले छेरिदिएको खीर खाने गरेको कुरा सबै आमालाई बताउँछिन् । अब सौतेनी आमाले बिरामी भएको बहाना गरेर धामी बोलाई भेडा काट्न लगाउँछिन् । धामीले भेडाको भोग दिएमा रोग निको हुने कुरा गरेको सबै भेडाले सुनिरहेको हुन्छ । भोलिपल्ट भेडाले रुँदै सौतेनी छोरीलाई आफूलाई काट्न लागेको कुरा बताउँछ । "मलाई मारेपछि मेरा मासु तिमी नखानु, हाडखोर सबै लगेर चोखो ठाउँमा गाडिदिनु केही दिनपछि त्यहाँ सुनसुनको दरबार हुनेछ ।" यति भनेपछि बेलुका भेडालाई काटे । सबै मिलेर भेडाको मासु खाए तर छोरीले खाइनन्, उनले भेडाको हाडखोर सफा ठाउँमा राखिदिइन् । एक हप्तापछि त्यहाँ सुन्दर सुनैसुनको दरबार निर्माण भयो । अब उनी त्यही दरबारमा बस्न थालिन् । सौतेनी आमाले भने "जति गरे पनि नहुने बरु यो दरबारमा आगो लाएर यसैलाई मारिदिन्छु ।" भनेर दरबारमा आगो लगाइदिइन् । ती छोरी भागेर बाँचिन् तर निर्दयी सौतेनी आमा भने तातो खरानीमा परेर मरिन्, कथाको अन्त्य भयो ।

### ३.७.४. पात्र

यस लोककथामा देखा परेका पात्रहरू सौतेनी आमा, बुबा, सौतेनी आमाकी छोरी र जेठीको छोरी हुन् । प्रमुख नारी पात्र नायिकामा जेठी बुढीकी छोरी हुन् । खल नारी पात्रको भूमिका सौतेनी आमा छिन् भने सहायक पात्रका रूपमा सौतेनी आमाकी छोरी थिइन् । अर्को गौण पात्रका रूपमा बूढा छन् ।

यस कथाकी प्रमुख नायिका जेठी छोरीले धेरै दुःख कष्ट भोग्नु परेको अवस्था छ । उनलाई सौतेनी आमाले धेरै यातना दिँदादिँदै पनि उनी हँसिलो, मिजासिली मधुर बोली भएकी नारी हुन् । त्यस्तै यस कथाकी खल पात्रको भूमिकामा देखा परेकी सौतेनी आमा निर्दयी स्वभावकी हुन्छिन् । आफ्नो छोरी र सौताकी छोरीलाई एकै नसोच्ने भेदभाव जस्तो तुच्छ व्यवहार गर्ने निर्दयी कडा स्वभावकी नारी हुन् । उनको व्यवहारबाट सौतेनी आमा कतिसम्मको निर्दयी हुन्छन् भन्ने कुरा प्रमाणित हुन्छ । अर्का पात्र यस

कथाका नायक गौण पात्र बुबा हुन् । उनले आफ्नै छोरीमाथि भएको दुर्व्यवहारलाई टुलुटुलु हेरेर बसेको देखिन्छ । एउटा बाबु भएर आफ्नो सन्तानप्रति आफूले गर्नुपर्ने कर्तव्य/जिम्मेवारबाट अलग रहेका छन् । निर्दयी बाबुको रूपमा रहेका र श्रीमतीदेखि डराउने कायर स्वभावका पात्र हुन् । यसरी यस कथाका सम्पूर्ण पात्रहरूको भूमिका समय र परिस्थितिअनुसारको रहेको छ ।

### ३.७.५. परिवेश

प्रस्तुत 'निर्दयी सौतेनी आमा' लोककथामा विशेष गरी नेपाली ग्रामीण परिवेश जहाँ अशिक्षा र रुढिवादी परम्परालाई अँगालेका पाइन्छ , त्यस्तो परिवेशको जीवन्त चित्रण छ । वन जंगलमा भेडा बाख्रा गोठाला गएको, घाँस, दाउरा, मेलापात गरेको प्रसङ्ग उल्लेख छ । बिहान भेडा फुकाएर दिनभरि जंगलमा चराई साँझपख मात्र घरमा ल्याउने गरेको नेपालको पहाडी भेगका मानिसहरूको दिनचर्याको उदाहरण हो । धामीको कुरा सुनेर भेडा काटेको परिवेशको चर्चा छ । एक हप्तापछि हाडखोर गाडेको ठाउँमा दरबार उत्पत्ति भएको विषयलाई पनि परिवेशका रूपमा चर्चा गरिएको छ ।

### ३.७.६. संवाद

प्रस्तुत 'निर्दयी सौतेनी आमा' लोककथामा संवाद रोचक रहेको छ । सौतेनी आमा र जेठी छोरीबीच गोठालो जाने विषयमा कुराकानी भएको छ । त्यस्तै सौतेनी आमाकी आफ्नी छोरी र सौतेनी आमा बीच पनि सरल भाषामा कुराकानी भएको छ । अर्को गौण पात्र धामी पनि संवादमा संलग्न छ । उसले भेडाको भोग दिन सके रोग निको हुने कुरा व्यक्त गर्दछ । यसरी यस लोककथामा भएका पात्रहरूबीचको संवादलाई रोचक ढङ्गमा प्रस्तुत गरिएको छ ।

### ३.७.७. उद्देश्य

यस कथाको उद्देश्य नेपाली समाजमा विद्यमान भेदभावको प्रथालाई जस्ताको तस्तै देखाउनु हो । सौतेनी आमाहरू कठोर हृदयका हुन्छन् आफ्ना सन्तान मात्र सर्वस्व ठान्ने तर सौतेनी छोराछोरीलाई दुर्व्यवहार गरी दुःख दिने त्यस्ता आमाहरूप्रति धारिलो व्यङ्ग्य प्रहार गर्नु यस कथाको उद्देश्य हो । सामाजिक विकृति एवम् विसङ्गतिको अन्त्य गर्नका लागि सबैमा शिक्षा दिनु यस कथाको उद्देश्य हो । मानिसमा रहेको अहमले एकदिन ऊ आफैलाई असर पुर्‍याएको हुन्छ । असल भावना विकास गरी

सबैमा मायाप्रेम सद्भाव जागृत गरी भेदभावको भावना त्यागनुपर्छ । आफ्नो र अर्काको भनी छुट्याउनु भन्दा समान माया दिएर उदाहरण बन्न सकिन्छ भन्ने सन्देश प्रदान गर्नु यस लोककथाको उद्देश्य हो ।

### ३.७.८. शैली

वर्णनात्मक शैलीमा रचित यस 'निर्दयी सौतेनी आमा' लोककथामा सरल, मिठो शैलीमा कुराकानी भएको छ । विभिन्न प्रसङ्ग अनुसार पात्रहरूबीच भएको क्रियाकलापलाई रोचक ढङ्गमा देखाउन खोजिएको छ । सौतेनी आमा कतिको निर्दयी हुन्छन् भन्ने कुरा यस कथाकी पात्र सौतेनी आमाको माध्यमबाट वर्णनात्मक शैलीमा देखाइएको छ

### ३.७.९. भाषा

भाषा सामाजिक वस्तु हो । भाषाकै माध्यमबाट समाजमा रहेका मानिसहरूबीच अझ सुदृढ सम्बन्ध कायम राख्दछ । यस 'निर्दयी सौतेनी आमा' लोककथामा प्रयुक्त भाषा स्थानीय कथ्य भाषा हुन् । नेपाली गाउँले परिवेशमा यस्ता कथ्य भाषाको बढी प्रयोग भएको हुन्छ । यस कथामा पनि नेपाली स्थानीय स्तरमा बोलिने जनभाषा, कथ्य भाषाकै बढी प्रयोग भएको छ । क्यारे, क्यारे, रे जस्ता शब्दहरू प्रचलनमा आएका छन् ।

### ३.७.१०. निष्कर्ष

प्रस्तुत 'निर्दयी सौतेनी आमा' सामाजिक लोककथा हो । यस लोककथामा समाजमा विद्यमान रुढिवादी परम्परालाई निर्मल पार्नु पर्ने सन्देश प्रदान गरिएको छ । सौतेनी आमाको दुर्व्यवहारलाई प्रस्तुत गरी समाजमा सौतेनी आमा कतिसम्मको निर्दयी हुन्छन् भन्ने यथार्थ कथाकी पात्र सौतेनी आमाको माध्यमबाट देखाइएको छ ।

आफ्नी छोरीलाई भने केही काम नगराउने, आरामले बस्न दिने, पढ्न विद्यालय पढाउने तर सौताकी छोरीलाई भने कठोर यातना दिने, घाँस दाउरा, गोठाला मेलापात सबै गराई त्यति सानी बच्चीलाई भारी बोकाउने ढुङ्गाको मन भएकी सौतेनी आमा हुन् । भेडाले सहयोग गरेको थाहा पाएर भेडालाई समेत मार्न लगाउने कतिसम्मको खराब नियतका हुन्छन् भन्ने यथार्थलाई रोचक ढङ्गमा

प्रस्तुत गरिएको छ । आफूल सुरु गरेको कुकर्मको फल सौतेनी आमा आफैले भोग्नु परेको यथार्थ चित्रण गर्नु पनि यस कथाको उद्देश्य रहेको छ ।

## ३.८ 'बाँसको तामा' लोककथाको विश्लेषण

### ३.८.१. परिचय

प्रस्तुत 'बाँसको तामा' लोककथा सामाजिक लोककथा हो । यस कथामा नेपाली समाजमा विद्यमान घटना तथा पात्रहरूको यथार्थ चित्रण गरिएको छ । कुनै पनि तथ्यको भित्री रहस्य पत्ता नलगाई अन्दाजमा कार्य गर्ने मनोबल भएका व्यक्तिहरू प्रति धारिलो व्यङ्ग्य प्रहार गरेको पाइन्छ । यो लोककथा हाँस्यव्यङ्ग्यात्मक शैलीमा रचित छ । सामाजिक रहनसहनलाई प्राथमिकता दिइएको यस कथाका पात्र तथा घटनाहरू रोचक रहेका छन् । नेपाली समाजमा 'अतिथि देवो भवः' अर्थात् अतिथि देवता समान हुन्छन् । पाहुनालाई स्वागत सत्कार र मेवा मिष्ठान्न खुवाउने प्रचलन रहेको यथार्थ पक्षलाई चित्रण गरिएको छ । अझ विशेष गरी ससुरालीमा ज्वाईलाई छुट्टै महत्त्वका साथ नेपाली समाजमा हेर्ने गरेको प्रसङ्गलाई पनि यस कथामा प्रस्तुत गरिएको छ । अर्कोतर्फ कुनै कुरा के हो ? भनेर पत्ता नलगाई हावामा मनगढन्ते पाराले अगाडि बढ्न खोज्ने व्यक्तिहरूमाथि व्यङ्ग्य प्रहार गरिएको छ । कथाका नायक श्रीमान् र नायिका श्रीमती यस्ता घटनाका सिकार भएका छन् । कथाअनुसार ज्वाई धेरै वर्षमा ससुराली गएको हुन्छ । त्यहाँ ज्वाईको भव्य स्वागत सत्कार गरिन्छ । सासू ससुराले ज्वाई छोरी आएको बेला आलु र तामा पकाएर खान दिन्छन् । ज्वाईले कहिल्यै नखाएको तरकारी खान पाएपछि खुशीले गद्गद् हुन्छ । ससुरालीमा खाएको जस्तै घरमा पनि खान खोज्यो छिप्पेको बाँस खाएर घाँटीमा अड्किन्छ बूढाको मृत्यु हुन्छ । बूढी पनि एक्लै हुन्छिन् । कथाको अन्त्य हुन्छ । यसरी वास्तविक कुरा पत्ता नलगाई आफ्नै तालमा कदम चाल्दा दुःख हुने कुरा यस कथामा प्रष्ट पारिएको छ । कथाका प्रमुख पात्र बुढाले तामा कस्तो हुन्छ ? भनेर चिन्ने प्रयास पारेका भए त्यस्तो घटना घट्दैनथ्यो । हावामा काम गर्न खोज्ने, हावादारी व्यक्तिहरूको विशेषता प्रस्तुत गरिएको छ ।

### ३.८.२. बाँसको तामाको कथा

एकादेशमा बूढा र बूढी थिए । धेरै वर्ष भयो रे बूढाचाहिँ ससुराली नगएको । एकदिन बूढीले ए बूढा तपाई यति धेरै वर्ष भइसक्यो ससुराली नजानुभएको हाम्रो छोरा नाति भइसक्दा पनि जानुभाछैन

जाऔँ हिँड्नु भनिछन् । आमा बुबाले धेरै डाक्नुभाछ भनेर कर लगाइन्  अनि अन्तिममा आज नि जान्न भोलि नि जान्न भन्ने बूढो अति भएपछि ल जाऔँ भनेर बूढाबूढी नै गएछन् रे ।

बूढोले आलु र तामाको तरकारी चाँहि जिन्दगीमा खाकै रहेनछ । ससुरालीमा ज्वाई आएको खुसीमा मानसम्मान गरेर बाँसको तामा र आलु मिसाएर मिष्ठान्न पकाएर दिएछन् । ससुरालीमा दुईचार दिन बिताएछन् । ल आमा हामी त अब घर जानुपर्यो भनेर ती बूढाबूढी बिदावारी भएछन् ।

घरमा पुगेपछि बूढाले सासू आमाले पकाएर दिनुभएको जस्तै तामाको तरकारी खाने भनेर छिप्पेको बाँस काटेर ल्याएछ र बूढीलाई “तेरो आमाले पकाएको जस्तो आलु तामा पकाउँछु खालास्” भनेछन् । बूढीलाई पनि पत्यार लागेन अनि तपाईलाई पकाउन त आउँछ भनेर सोधिछन् । अनि किन थाहा नहुनु बाँसको तामा त हो नि भनेर छिप्पेको बाँसको तामा पकाएछ । तरकारी पाकेपछि बूढीलाई खाना पस्काउन लगाएछ । त्यसपछि खाना खाने बेलामा बूढा अलि लोभी भएकाले तरकारी धेरै हाल्न लगाउँछ । झोल चोक्टा गरेर पकाएको तरकारी र भात खान थाल्छ । पहिला बूढाले खाएकोले खाँदा खाँदा छिप्पेको बाँसको टुक्रा घाँटीमा अड्केर बूढा त्यही ठहरै मरेछ ।

### ३.८.३.कथानक

यस ‘बाँसको तामा’ कथामा समाजका विभिन्न व्यक्तिको मानसिक स्थितिदेखि चरित्रसम्मको व्यङ्ग्यात्मक चर्चा गरिएको छ । कथाका पात्रहरू बूढा र बूढी धेरै वर्ष पछि ससुराली जान्छन् । ज्वाई, छोरी गएपछि सासू ससूरा असाध्यै खुसी हुन्छन् । उनीहरूले स्वागतका लागि विभिन्न परिकारसँगै बाँसको तामा र आलुको तरकारी बनाउँछन् । बूढाले बाँसको तामा र आलुको तरकारी जीवनमा कहिल्यै खाएकै हुँदैन । उसले ससुरालीमा खुब खान्छ । घरमा गएर आफू पनि त्यस्तै पकाएर खाने भनेर सोच्छ, अनि सासु आमालाई सोध्छन् यो के को ? तरकारी त मिठो छ त ? भनेर प्रश्न गर्दा बाँसको तामा भन्न उत्तर पाउँछन् । ससुरालीमा दुई चार दिन बसेर उनीहरू घरमा फर्कन्छन् । बुढाले घरमा गएपछि आलु र तामाको तरकारी पकाएर खाने विचार गर्छन् । अनि छिप्पेको बाँस काटेर ल्याई त्यसलाई टुक्रा टुक्रा बनाएर मजाले कराईमा पकाउँछन् । बूढी छक्क पर्दै बूढाको चर्तिकला हेरिरहन्छिन् । तरकारी नि पाक्यो भनेर बूढीलाई खान पस्कन भन्छिन् । बूढा अलि लोभी स्वभावको भएकोले धेरै हाल्न भन्दै तरकारी खान्छन् । एक गाँस भात खाएर तरकारी खान मात्र के खोजको थिए । छिप्पेको बाँसको तामा घाँटीमा तेर्सो परेर अड्किन्छ र बूढाको प्राण जान्छ । कथाको अन्त्य हुन्छ । यसरी कथाको आदि, मध्य र अन्त्यको संगठन गरी कथा पूर्ण भएको छ ।

### ३.८.४. पात्र

यस 'बाँसको तामा' लोककथा सामाजिक कथा हो । त्यसैले यसमा चरित्र पनि समाजकै प्रतिनिधित्व गर्ने व्यक्तिहरू छन् । हाम्रो नेपाली समाजमा भेटिने त्यस्ता अन्दाजका भरमा, अरूले भनेको सुनेको भरमा कार्य गर्ने, वास्तविकताको गहिराइ खोतल्न नखोज्ने अशिक्षित व्यक्तिहरू हुन्छन् । मुख्यतः यस कथामा बूढा नायक र बूढी नायिका हुन्छन् भने ससुरालीमा सासू र ससुरा सहायक पात्रहरू हुन्छन् । विशेष गरी बूढा र बूढीको अभिनयमा यो कथाको सुरुवात भएको छ भने बूढाको मृत्यु सँगै कथाको पनि अन्तय भएको छ । बूढा प्रमुख भूमिकामा देखिने नायक पुरुष पात्र हो । ऊ स्वभावले अलि लोभी हुन्छ । कुनै पनि कुराको सत्यतामा नगई अन्दाजी काम मात्र गर्छ । ससुराली भनेपछि त्यति जान रुचाउँदैनन् त्यस्तै यस कथाकी मुख्य नारी पात्र बूढी बूढाको बानी देखेर छक्क पर्छिन् । आफ्नो बूढाले जे भन्यो त्यही गर्छिन् । सोझी, असल स्वभावकी हुन्छिन् ।

### ३.८.५. परिवेश

यस 'बाँसको तामा' लोककथामा नेपाली गाउँले परिवेशमा रहने अशिक्षित व्यक्तिहरूको आनीबानी र रहनसहन, जीवनशैली प्रस्तु गरिएको छ । पहाडी भेगमा बस्ने बूढा र बूढीको जीवनशैली ँदेखाइएको छ । बूढा र बूढी ससुराली नगएको वर्षौ भएकाले एकदिन ससुराली जान्छन् । दिउँसोको चर्को घाम पार गर्दै साँझपख ससुराली पुग्छन् । ससुरालीमा दुईचार दिन बसेर घर फर्किन्छन् । टाढाको बाटो बेलुका घर पुग्छन् । भोलिपल्ट बिहानै उठेर बूढा ताम खोज्न जंगलतिर लाग्छन् । यहाँ घर, वनजङ्गल तथा ससुराली गाउँ आदि परिवेशको चित्रण गरिएको छ । यी विषयहरूलाई परिवेशका रूपमा चर्चा गरिएको छ ।

### ३.८.६. संवाद

प्रस्तुत कथामा बूढाबूढी तथा सासू ससुराबीच संवाद भएको छ । पहिला घरमा बूढीले बूढालाई - "ए बूढा अब त छोरा, नातिसमेत भइसके अब त बुबा आमाकोमा जानुपर्‍यो ।" भन्दै सम्झाउँछिन् । बूढाले "ल ल जाऔला नि त ससुरालीमा भन्दै दुबै जना जान्छन् । ससुरालीमा बूढाले सासूसँग बाँसको तामा नचिनेकोले के हो ?" भनेर सोध्छ । सासू आमाले बाँसको तामा भनेर पठाउँछिन् । घरमा गएपछि

बूढाले “ए बूढी तामा पकाउने ।” भन्छ, अनि बूढीले “तपाईले तामा चिन्नु भएको छ ?” भन्ने जस्ता संवादहरू यस कथामा छन् । सरल, मिठो भाषामा यी पात्रहरूबीच संवाद भएको छ ।

### ३.८.७. उद्देश्य

प्रस्तुत ‘बाँसको तामा’ सामाजिक लोककथा हो । यस लोककथामा नेपाली समाजका विकृति विसङ्गतिलाई यथार्थ चित्रण गरिएको छ । यस कथामा अशिक्षित समाजको बारेमा चर्चा गरिएको छ । सही र गलत के हो छुट्याउन नसक्दा आफैलाई हानि हुन्छ भन्ने विचार व्यक्त गरिएको छ । कुनै पनि कार्य गर्नु अघि १० पटक सोच्नुपर्छ, किनकि केही नसोची हावाका भरमा कदम चाल्दा सानो गल्तीले जीवनभर पछुतो हुन्छ भन्ने सत्यता देखाउन यो लोककथाको उद्देश्य हो । यस कथाका प्रमुख पुरुष पात्रले ससुरालीमा खाएको तामा र आलुको तरकारी घरमा गएर पकाउनु अघि तामा वास्तवमै कस्तो हुन्छ नबुझेर हावाका भरमा आफ्नै अन्दाजमा छिप्पेको बाँस नै तामा होला भनेर पकाएर खाँदा ज्यान गुमाउनु भयो त्यसैले वास्तविक कुरा नबुझी कुनै कार्य थालनी नगर्नु नै बुद्धिमानी हुन्छ भन्ने उद्देश्य यस कथाको रहेको छ ।

साथै यस कथामा मानिसलाई नीति उपदेश पनि दिन खोजिएको छ । विवेकशील प्राणी भएर पनि त्यति कुरा सोच्न नसक्दा बूढाको ज्यान गएको छ, सही हो वा गलत हो भनी कुनै पनि कुराको रहस्यमा जानुपर्छ भन्ने सन्देश दिनु यस लोककथाको उद्देश्य हो ।

### ३.८.८. शैली

यस कथामा मूलत : वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । यहाँ कथाको सबै विषयको वर्णन गरिएको छ । तसर्थ वर्णनात्मक शैलीको प्रयोग भएको पाहिन्छ । कतिपय घटनामा संवाद रहेको हुदा संवादात्मक शैलीको पनि प्रयोग पाइन्छ ।

### ३.८.९. भाषा

यस ‘बाँसको तामा’ लोककथामा स्थानीय कथ्य भाषाको प्रयोग भएको छ । नेपाली बोलचालका भाषाहरूको प्रयोग गरी पात्रहरूले कुराकानी गरेका छन् । सरल र मिठो भाषा प्रयोग भएको यस कथामा बूढीले आफ्नो बूढालाई यत्तिका वर्षसम्म छोरा नाति भइसक्दा समेत ससुराली नजाने कस्तो

मान्छे ? भनी कराएकी छिन् । जुन नेपाली समाजका खेती किसानी गर्ने मानिसहरूको भाषा बोल्ने शैली हो । हिँड न त हिँड भन्दै बूढा ससुराली गएका छन् । ससुरालीमा ज्वाईलाई गरिने आदर सत्कारका भाषा स्थानीय कथ्य भाषा नै हो । भाषा प्रयोग भएबाट नै पात्रहरूको गतिविधि पनि प्रष्ट भएको अवस्था छ । यस कथामा सन्देशमूलक मिठो भाषाको प्रयोग भएको छ ।

## ३.८.१०.निष्कर्ष

अन्त्यमा यो लोककथा रोचक र नीतिपरक रहेको छ । बुद्धिहीन मूर्ख प्रवृत्ति भएका व्यक्तिहरूप्रति व्यङ्ग्य प्रहार गरिएको छ । हाँस्यव्यङ्ग्यात्मक शैलीमा रचित यस कथाका पात्र बूढा यस कथाका प्रतिनिधि पात्र हुन् । उनकै चरित्रमा कथा पूरा भएको छ । बूढा यस कथाका प्रमुख पुरुष पात्र हुन् । उनी अलि लोभी स्वभावको हुन्छन्, गम्भीर स्वभावका उनी ससुराली नगएको धेरै वर्ष भएको हुन्छ । बुढीले कयौं पटक कर लगाउँदा पनि नगएका घमण्डी पाराका बूढा अन्तिममा बूढेसकालमा ससुराली जान्छन् । जीवनभर ससुराली नगएका ज्वाईको सासू र ससुराले भव्य स्वागत गर्छन् । मीठा-मीठा खानेकुरा खुवाउँछन । खानामा भन्ने आलु र तामाको तरकारी खुवाउँछन् । त्यो तरकारी बुढाले जीवनमा कहिल्यै खाएका हुँदैनन् । मीठो मानेर थपीथपी खान्छन् । अनि सासुलाई यो के हो ? भनेर सोध्दा बाँसको तामा भनेर सासूले जवाफ दिन्छिन् । दुई चार दिन बसेर बिदा भइ घरमा पुग्छन् । ससुरालीमा खाएको जस्तै आलु तामा पकाउने भनेर बुढा बाँसको तामा लिन जान्छन् । छिप्पेको बाँसको तामा ल्याएर पकाउन थाल्छन् । अनि बुढीलाई खाना पस्कन लगाउँछन् । बूढाबूढी आलु तामाको तरकारीसँग भात खान बस्छन् । पहिला बूढाले नै खान्छन्, खाँदाखाँदै घाँटीमा छिप्पेको बाँसको टुक्रा तेर्स्रो परेर उनको त्यही मृत्यु हुन्छ, कथाको अन्त्य हुन्छ ।

यसरी यस कथामा बूढा पात्रका माध्यमबाट मान्छेले कुनै पनि कार्य गर्नु अघि त्यसबारे राम्ररी सोच विचार गरेर सही गलत के हो ? कुन वस्तु कस्तो हुन्छ ? सबै बुझ्नुपर्छ अन्यथा परिणाम नराम्रो भोग्नु पर्छ भन्ने सन्देश लिन सक्छौं ।

## ३.९ 'अकबर र वीरबलको कथा' लोककथाको विश्लेषण

### ३.९.१. परिचय

प्रस्तुत 'अकबर र वीरबल' सामाजिक लोककथा हो । यस लोककथामा मानिसले एकपटक सर्त राखेपछि पूरा गर्नुपर्ने प्रसङ्ग उल्लेख छ । अझ सम्पूर्ण जनताका पूज्य व्यक्ति राजाले त आफ्नो बोलेको वचन यसै खेर फाल्नु हुँदैन । राजाप्रतिको जनताको विश्वास टुट्न सक्ने यथार्थ पक्षको चर्चा यस कथामा गरिएको छ । पूरै राज्य चलाउने व्यक्तित्वले नै आफूले बोलेको कार्य पूरा गर्न सकेनन् भने उनीहरूबाट जनताले कस्तो शिक्षा लिन सक्लान् ? भन्ने यथार्थको चित्रण गरिएको छ । देशको शासन सत्ता चलाउने महान् व्यक्तिहरूबाट नै गल्ती हुने गर्दछ तर उनीहरूको गल्ती कसैले औंल्याउन सक्दैन । जो गरिब, साधारण जीवनयापन गर्ने इमान्दार जनता हुन्छ उसले गरेको सानोगल्ती पनि भोलि गएर ठूलो हुन्छ भन्ने विषयलाई रोचकपूर्ण ढङ्गमा देखाइएको छ । 'बोल्नेको पिठो नि बिक्ने नबोल्नेको चामल पनि नबिक्ने' भनेझैं बोल्न सक्ने र हेप्न सक्नेको मात्र समाज, बोल्न नसक्नेको केही न केही भन्ने यथार्थ पर्दाको चित्रण यस लोककथामा गरिएको छ । राजाले नियम कानूनमा बस्नुपर्छ, आपना वाचा बिर्सनु हुन्न, 'एउटा गरिबलाई आश देखाएर निराश बनाउने राजाको कुनै महत्त्व हुँदैन, त्यस्तालाई सवक सिकाउन आवल चलाख व्यक्तिको खाँचो यो समाज र राष्ट्रलाई चालिएको प्रसङ्गलाई कथामा सन्देशमूलक रूपमा दिइएको छ । समाजका ठूला-ठाला भनौदाहरूबाट गरिब जनता हेपिनु परेको, दमनमा रहनु परेको र गरिबका खिल्ली उडाई मजा लिने गरेको वास्तविकता यस कथामा जीवन्त चित्रण गरिएको छ ।

### ३.९.२. अकबर र बीरबलको कथा

एकादेशमा एउटा अकबर नाम गरेको राजा र बीरबल नाम गरेको मन्त्री थियो । अकबर र वीरबल सधैंजसो झगडा मात्र गरिरहन्थे । अकबर आफ्नो राज्यमा भएका सम्पूर्ण जनताहरूलाई माया गर्दथे । एकदिनको कुरा हो ,राजा अकबरले एउटा गरिब केटालाई आधा राज्य दिन्छु तिमी नदीमा गएर बस भनेछ । राज्य पाउने आशामा गरिब केटो पनि चिसो पानीमा गएर बस्यो । रातभरि नदीमा बसेपछि भोलिपल्ट राजाले तँ बसिस्? भनेर प्रश्न गर्यो । उत्तरमा त्यो केटाले बसैं सरकार भन्यो । अनि राजाले रातभरि तँ कसरी बसिस् भन्दा केटाले म पारि गाउँमा बत्ती बलेको हेरेर बसैं भन्यो । त्यसपछि राजाले केटाले छलकपट गर्यो भनेर उसलाई केही पनि दिएन । यस्तो देखेर वीरबल राजा

अकबरदेखिरिसाएर आफ्नो घरमा गयो । घरमा गएर वीरबलले राजालाई सबक सिकाउने उपाय सोचेछ । उसले बाँसको टुप्पामा चामल एक माना राखेर तलबाट आगो बालेछ । उता राजाले वीरबललाई बोलाउन पठाएछ । वीरबल भने भात पाकेपछि मात्र आउने भनेर बसिरहेछ । जति बोलाए पनि नआएपछि राजा आफै कस्तो चाहिँ भात पकाएछ त भनेर हेर्न गएछ । त्यहाँ जाँदा राजा वीरबलको त्यो हर्कत देखेर चकित हुँदै सोध्यो –ए वीरबल ! रूयस्तोमा भात पाक्छ त भनेर सोध्यो । मन्त्रीले त्यसो भए अर्को गाउँमा बलेको बत्तीले त्यो केटाले पोखरीमा आगो ताप्यो त भनी प्रश्न गर्यो । राजासँग कुनै जवाफ भएन । अनि त्यो केटालाई आधा राज्य दिएर पठाए ।

### ३.९.३.कथानक

प्रस्तुत 'अकबर र वीरबल' सामाजिक लोककथा हो । यस कथामा समाजमा हुने गरेका अन्याय अत्याचारको पर्दाफास गरिएको छ । कथामा अकबर राजा हुन्छन् । राजा भएकै कारण सम्पूर्ण जनताले उनलाई पुज्ने गर्छन् । राजा अकबर भने अलि मतलबी स्वभावका व्यक्ति हुन्छन् । उनी अहमताका कारण जनतालाई माया गरे पनि अत्याचारमा राख्न खोज्छन् । अर्को कुरा उनकै राज्यमा मन्त्रीका रूपमा सत्ता सम्हाल्ने व्यक्ति बीरबल हुन्छन् । उनी भने जनताका पक्षमा हुन्छन् । बीरबल कसैले कसैलाई अन्याय अत्याचार गरेको देख्न सक्दैन । जनताका पक्षमा बोल्ने गर्दछन् । राजा भने अलि स्वार्थी हुन्छन् । एकदिन राजा अकबरले एउटा सर्त राख्ने निर्णय गर्छन् । यो कुरा राज्यमा फैलिन्छ । सर्त कस्तो रहेछ भनी बुझ्न सम्पूर्ण जनताहरू दरबारमा आउँछन् । राजाले जुन व्यक्ति रातभर नदीको पानीमा बसेर एक रात कटाउन सक्छ, उसलाई म आधा राज्य दिनेछु भनी घोषण गर्दछ । राजाको यस्तो सर्त सुनेर कसैले आँट गर्दैनन् । तर गाउँमा एउटा असाध्यै गरिब केटो हुन्छ । उसले भने राजाको त्यो सर्त मान्ने निर्णय गरी "म बस्न सक्छु सरकार हुकुम बक्सियोस्" भनी तयार हुन्छ । आधा राज्य पाउने आशले त्यो गरिब केटो रातभर चिसो पानीमा बस्न बाध्य हुन्छ ।

भोलिपल्ट बिहान राजा केटो पानीमा बसेको छ कि छैन भनी हेर्न मन्त्रीका साथमा जान्छन् । केटोलाई "तँ बसिस् त ?" भनेर सोध्छन् । केटोले रातभर पानीमै बसे, सरकार !" भन्ने उत्तर दिन्छ । राजाका मनमा प्रश्न उठ्छ र कसरी बसिस् ? भनेर सोध्न थाल्छन् । केटाले पारि गाउँमा बत्ती बलेको आधारमा नदीमा बसे ।" जवाफ आएपछि राजाले त्यस्ता नि हुन्छ, छलकपट गरिस्, राज्य पाउँदैनन्" भनी त्यहाँबाट हिँडे । राजाको यस्तो व्यवहार वीरबललाई मन पर्दैन, उसलाई राजा अकबर देखेर रिस

उठ्छ । अब कसरी यसलाई सबक सिकाउने भन्दै उपाय सोच्दै घरमा जान्छन् । उता घरमा गएर बाँसको टुप्पामा एकमाना चामल भाँडामा पोको पारेर झुन्ड्याइ, तलबाट आगो बालेर भात पकाउन थाल्छन् । उता राजाले भने मन्त्रीलाई बोलाएर ल्याउ भनी खबर पठाउँछन् । बीरबल भने भात पाकेपछि खाएर आउँछु भनिदेऊ भनेर मान्छेलाई फर्काउन थाल्छन् । जति बोलाए पनि नआएपछि राजा वीरबल कस्तो भात खान लागेछ यति बेलासम्म नपाक्ने भन्दै आफै हेर्न जान्छन् । जाँदा त बाँसको टुप्पोमा चामलको भाँडो बसालेको र तलबाट आगो लगाएको देख्छन् । "के गरेको यो तिमीले ?" भनेर सोध्दा । जवाफमा भात पकाएको भनेर मन्त्री वीरबलले उत्तर दिन्छन् । "यस्तो गरेर भात पाक्छ ?" भनेर सोध्यो वीरबलले "त्यसो भए विचरा त्यो केटा पारि बलेको बत्तीको आधारमा पोखरीमा आगो तापेर बस्यो त ?" भन्ने जवाफ दिनासाथ राजाले आफ्नो गल्तीको महशुस गऱ्यो उनी कुनै जवाफ दिन नसक्ने हुन्छन् र त्यो केटालाई सर्त अनुसार आधा राज्य दिएर पठाउँछन्, कथाको पनि अन्त्य हुन्छ ।

### ३.९.४. पात्र

यस लोककथामा अभिनीत पात्रहरू राजा अकबर, मन्त्री वीरबल गरिब केटो प्रमुख रहेका छन् भने राज्यका अन्य भारदारहरू, जनताहरू गौण पात्र रहेका छन् । कथाको मुख्य भूमिकामा अकबर रहेका छन् भने सहायक पात्रमा मन्त्री वीरबल छन् । मुख्य पात्र राजा अकबरमा पहिला सकारात्मक भूमिका देखिए तापनि बीचमा नकारात्मक देखिएको छ भने अन्तिममा सकारात्मक परिवर्तन आएको देखिन्छ । पहिला जनतालाई औधी माया गर्ने राजा बीचमा गएर गाह्रो कुरामा सर्त राख्ने तर गरिब केटाले त्यस्तो दुःख गर्दा पनि छलकपट गऱ्यो भनेर सर्त अनुसार आधा राज्य नदिनुमा राजा अकबरको कमजोरी देखिन्छ । कुनै पनि राजाले जनता सामु सर्त राखेपछि त्यो पूरा गर्नुपर्ने हुन्छ । अन्यथा त्यस्तो राजाको देश र जनताका सामु कुनै महत्त्व हुँदैन । राजा हुनुको शोभा हुँदैन । अन्तिममा गएर आफ्नो गल्तीको महशुस भई राजाले गरिब केटोमाथि न्याय गरेका छन् । अर्का प्रमुख पात्र मन्त्री वीरबल हुन् । उनले राजा र जनताबीचको सम्बन्धलाई अझ सुदृढ बनाउने कार्य गरिब केटालाई न्याय दिएर प्रमाणित गरेका छन् । उनले नै बाँसको टुप्पामा भात पकाएर तलबाट आगो फुक्ने कार्य गरी राजालाई आफ्नो गल्तीको महशुस गराएका छन् । उनले यस्तो कार्य गरेको देख्दा राजा नाजवाफ भएको थियो । मन्त्री वीरबलको भूमिका गहन र घतलाग्दो छ । गल्ती गरेर पन्छिन खोज्नेलाई कसरी सबक सिकाउन सकिन्छ भन्ने ज्ञान उनले दिएका छन् । यस कथाका अर्का सहायक पात्र गरिब केटो हो । गरिब भएकै कारण उसले राजाबाट हेपिनुपऱ्यो । चिसो पानीमा पनि रातभर बस्यो । गरिब भए पनि इमान्दार रहेको

छ । आफूले मिहिनेत गर्दाको फल प्राप्त नहुँदा पनि राजाको प्रतिकार नगरी चुपचाप बसेको छ । साथै यस कथामा अन्य भूमिकामा दरबारका भारदार तथा जनताहरू पनि असल चरित्रमा देखापरेका छन् ।

### ३.९.५. परिवेश

प्रस्तुत 'अकबर र वीरबल' लोककथामा दरबारदेखि खेतबारी पोखरी र गाउँसम्मको दृश्य देखाइएको छ । राजाको दरबार जहाँ राजा अकबरको बासस्थान रहेको छ । अन्यायमा परेका जनताहरू न्याय माग्ने, सभा बस्ने, राज्यका सम्पूर्ण गतिविधिहरू छलफल हुने गर्दछ । यसै दरबारमा राजाले सर्त राखेका थिए । रातभर पानीमा बस्न सक्नेले आधा राज्य पाउने । सर्त अनुसार गरिब केटाले रातभर पोखरीको पानीमा बसेको थियो । भोलिपल्ट बिहान राजाले बसेको छ/छैन सोध्न आएका छन् । यसरी यस कथामा दरबारको गतिविधिदेखि गाउँघरसम्मको क्रियाकलाप र समयलाई तारतम्य मिलाएर रोचक ढङ्गमा प्रत्येक घटनाहरू प्रस्तुत गरिएका छन् ।

### ३.९.६. संवाद

यस 'अकबर र वीरबल' कथामा ज्यादै रोचक कुराकानी प्रस्तुत गरिएको छ । यहाँ राजा अकबर र गरिब केटा बीचको संवाद, मन्त्री वीरबल र राजा बीचको संवादलाई हाँस्यव्यङ्ग्यात्मक ढङ्गबाट प्रस्तुत गरिएको छ । राजा अकबरले गरिब केटालाई रातभर पोखरीम कसरी बसिस् ? भन्दा केटोले पारि गाउँमा आगो बलेको भरमा बसेको भन्ने उत्तर दिएको छ । राजाले उसो भए छलकपट गरिस् राज्य पाएनस् भन्दै आफ्नो बाटो लागेका प्रसङ्ग पनि संवादका रूपमा उल्लेख छ । राजाको व्यवहार देखेर राजादेखि रिसाएका वीरबल घरमा गएर राजालाई सबक सिकाउने उपाय सोचेर बाँसको टुप्पामा चामल बसालेर तल आगो लगाउन थाल्छ । कसरी भात पाक्दो रहेछ भनेर राजा सोध्न जाँदा फेरि अर्को रमाइलो र हाँस्यव्यङ्ग्य संवाद सुरु हुन्छ । वीरबलको पारा देखेर राजाले - "के गरेको यो तिमीले ? यसरी नि कही खाना पाक्छ ? भनी प्रश्न गर्छन् । उत्तरमा वीरबलले - "उसो भए त्यो पारि गाउँमा बलेको बत्तीको सहारामा त्यो केटोले पोखरीमा आगो ताप्यो त ?" त्यतिकै टार्न खोज्ने तपाई ? बाचा गरेपछि पूरा गर्नु पर्दैन ?" भन्ने उत्तर दिन्छन् । यसरी यस कथामा भएका सम्पूर्ण पात्र तथा संवादहरू रोचक तथा नीतिपरक छन् ।

### ३.९.७. उद्देश्य

प्रस्तुत 'अकबर र वीरबल' लोककथामा सामाजिक विकृति र विसङ्गति निर्मल गर्नुपर्ने कुरामा जोड दिइएको छ । यस लोककथाको उद्देश्य भनेकै समाजका ठूलाठाला महान् व्यक्तिहरूप्रति व्यङ्ग्य प्रहार गर्नु हो । अन्याय र अत्याचार विरुद्ध आवाज उठाउनु हो । नयाँ शिक्षित समाजको निर्माण गर्नु यो कथाको उद्देश्य हो । देशमा शासन व्यवस्था संचालन गर्ने राजाले सही निर्णय लिन सक्नुपर्छ । अरूको कार्यको निन्दा हैन चर्चा गर्नुपर्छ र पुरस्कृत गर्नुपर्छ, आशामा रहेका व्यक्तिलाई निराशा बनाउनु राजाको धर्म होइन भन्ने शिक्षा प्रदान गर्नु यस कथाको मूल उद्देश्य हो । समाजमा सकारात्मक परिवर्तन ल्याउनका लागि प्रत्येक नागरिक असल, कर्मठ हुनुपर्छ, अन्यायीलाई सबक सिकाउने हुनुपर्छ, भनी आवाज उठाउनु यस कथाको उद्देश्य रहेको छ ।

### ३.९.८. शैली

प्रस्तुत कथा वर्णनात्मक शैलीमा रचित कथा हो । यस कथामा प्रयुक्त भाषा रोचक र मिठो बनाउने माध्यम नै प्रस्तुत गर्ने शैली नै हो । भाषालाई सही ढङ्गमा प्रस्तुत गर्न सकिएन भने त्यो भाषा मिठो नभई त्यसमा रस उत्पन्न हुँदैन । त्यस्तो यस कथामा संवादात्मक शैलीको पनि प्रयोग भएको छ । कथामा राजा र वीरबल मन्त्रीबीच संवाद भएको छ । पात्र-पात्रमा भएको संवादलाई शैलीबद्ध रूपमा प्रस्तुत गरिएको छ ।

### ३.९.९. भाषा

यस लोककथाम सरल मिठो भाषाको प्रयोग गरिएको छ । पात्र-पात्रबीचको कुराकानीको माध्यमबाट भाषाको प्रयोग भइ कथा रोचक रहेको छ । भाषाले नै कथामा मिठास थपेको छ । यहाँ राजनीतिक भाषादेखि लिएर दैनिक व्यवहारमा प्रयोग हुने नेपाली स्थानीय कथ्य भाषाको पनि प्रयोग गरिएको छ । राजाले गर्ने न्यायिक भाषादेखि जनताले कामकाजका लागि दैनिक प्रयोग गरिने कथ्य भाषाहरू प्रयोगमा आएका छन् ।

### ३.९.१०.निष्कर्ष

यस 'अकबर र वीरबल' लोककथा सामाजिक लोककथा हो । यस कथामा समाजमा विद्यमान अन्याय र अत्याचार निर्मल गरी नयाँ समाजको निर्माण गर्नुपर्ने शिक्षा प्रदान गरिएको छ । कथामा अकबर र वीरबल मिल्ने साथी हुन्छन् । अकबर राजा हुन्छन् भनी वीरबल मन्त्री हुन्छन् । यी दुई बीच जहिले पनि एउटा न एउटा कुरामा झगडा भइरहेकै हुन्छ । राजा अकबर आफ्नो राज्यका सम्पूर्ण जनताहरूलाई माया गर्दछन् । उनले एकदिन एउटा सर्तको घोषणा गरे । जसले एक रातभर पोखरीको पानीमा बस्न सक्छ उसले नै आधा राज्य पाउने छ । राजा अकबरको त्यस्तो घोषणा राज्यभर फैलियो । कसैले पनि साहस गरेनन् तर एटा गरिब केटो भने आधा राज्य पाएँ भने आफ्नो भविष्य उज्ज्वल हुन्छ भनी रातभर पानीमा बस्न तयार हुन्छ । सर्त अनुसार त्यो गरिब केटो रातभर पानीमा बस्छ, भोलिपल्ट राजा आएर रातभर बसिस् ? भनेर सोध्दा बसे सरकार भन्छ । अनि कसरी बसिस् भनेर सोध्दा केटोले पारी गाउँमा बत्ती बलेको आधारमा बसेको भनेपछि राजाले फटाहा गऱ्यो भनी राज्य दिँदैन, उता वीरबल राजादेखि रिसाएर राजालाई सबक सिकाउन एक माना चामल बाँसको टुप्पामा झुण्डाएर तलबाट आगो बाल्छ राजा छक्क पर्दै यसरी भात पाक्छ ? भनी सोध्दा उत्तरमा त्यो केटाले पारी बत्ती बलेको आधारा आगो ताप्छ ?भनेर राजालाई आफ्नो गल्तीको महशुस गराउँछ । राजाले त्यो गरिब केटालाई आधा राज्य दिन्छ, कथाको अन्त्य हुन्छ । कथामा आफूले गरेको वाचा पूरा गर्नुपर्ने सन्देश दिइएको छ ।

## ३.१० "मत्स्यन्द्रनाथको कथा" लोककथाको विश्लेषण

### ३.१०.१.परिचय

प्रस्तुत मत्स्येन्द्रनाथको कथा पौराणिक लोककथा हो । यस कथामा मत्स्येन्द्रनाथ देवताको उत्पत्ति र यस देवताले पुऱ्याएको योगदान उल्लेख गरिएको छ । पौराणिक कथाहरू बिश्व ब्रह्माण्डको सृष्टि, प्रकृति वा अलौकिक शक्ति र ईश्वरसँग सम्बन्धित हुन्छन् भन्ने सत्यलाई यस कथाले प्रमाणित गरेको छ । ब्राह्मण दम्पत्तिको कोखबाट पैदा भएको बालकलाई पिराहा हुन्छ भनेपछि नदीमा फालिएको र माछाले निलेको प्रसंग बडो घतलाग्दो र रोचक रहेको छ भने बालकले शिवजीले पार्वतीलाई अमरकथा सुनाउँदा माछाको पेटबाट बाहिर निस्केर अमरकथा सुनेको, त्यसपछि उसमा योगविद्याको प्रचार भएर सम्पूर्ण संसारको भलो हुने कार्यमा लागेको प्रसंग नीतिपरक रहेको छ ।

### ३.१०.२.मत्स्येन्द्रनाथको कथा

परापूर्वकालमा एउटा ब्राह्मण दम्पत्तिको एउटा पुत्र पैदा भयो । ब्राह्मण दम्पत्तिले ज्योतिषीलाई बोलाएर उसको ग्रह हेर्न लगाउँदा त्यो बालक पिराहा भएको कुरा बतायो । उसले त्यस बालकलाई नदीमा बगाइदियो । नदीको माछाले त्यस बालकलाई सिङ्गै निलेर पेटमा राख्यो । त्यसै नदीका किनारमा बसेर भगवान् शिवले पार्वतीलाई अमर कथा पनि सुनाइरहनु भएको थियो । माछाभित्रको बालकले पनि त्यो सुन्यो ।

त्यसका प्रभावले त्यो बालक माछाको पेटबाट निस्क्यो र शिवजीको चरणमा पर्यो । त्यस बालकलाई माता पार्वतीको काखमा राखेर यस बालकबाट योगविद्याको प्रचार भई दुनियाको भलो हुनेछ भने । माछाबाट निस्केकाले त्यस बालकको नाम मत्स्येन्द्र भयो । मत्स्येन्द्र योगविद्याको प्रचार गर्दै हिँडेर मत्स्येन्द्रनाथ कहलाए । उनी पूर्वी भारतको कामक्षा आइपुग्दा नेपालमा अनावृष्टि भएर ठूलो अकाल परेको थियो । राजा नरेन्द्रदेव बन्धुदत्त नाम गरेका तान्त्रिकलाई साथ लिई कामक्षा गए र मत्स्येन्द्रनाथलाई ल्याए । अब मत्स्येन्द्रनाथलाई कहाँ राख्ने भन्ने विषयमा छलफल हुँदा पाटनमा राख्ने निर्णय भयो । बुङमतीमा मन्दिर बनाई राख्ने तर भक्तहरूको दर्शनका निम्ति जात्रा चलाउने पनि परम्परा चल्यो । वृष्टिका देवताका रू रूपमा मत्स्येन्द्रनाथलाई पूजा गन्छि ।

### ३.१०.३. कथानक

यस पौराणीक कथामा एउटा ब्राह्मण दम्पत्ति हुन्छन् । उनीहरुका एउटा पुत्र पैदा हुन्छ । ब्राह्मण दम्पत्तिले आफ्नो पुत्रको भविष्य र बर्तमान बताउनुका लागि एउटा ज्योतिषलाई बोलाउँछन् । ज्योतिषी आएर बालकको भविष्य बताउँछन् । बालकको ग्रहमा त्यो बालक पिराहा भएको कुरा थाहा हुन्छ । त्यसपछि ती दम्पत्तिले त्यस्तो पिराहा बालकलाई कसरी राख्नु भनेर नदीमा बगाईदिन्छन् नदीमा बग्दै गर्दा एउटा माछाले बालकलाई देख्छ र सिंगै निलीदिन्छ । त्यसै बेला नदीको किनारामा भगवान शिवले माता पार्वतीलाई अमरकथा सुनाईरहनु भएको हुन्छ । त्यो कथा माछाभित्रको बालकले सुनिरहेको हुन्छ कथाबाट प्रभावित  बालक भई माछाको पेटबाट फुत्त बाहिर निस्कन्छ र माता पार्वतीले काखमा लिन्छिन् । भगवान शिबले त्यो बालक पछि गएर योगविद्याको प्रचारक हुने कुरा व्यक्त गर्नुहुन्छ । त्यस बालकको नाम माछाको पेटबाट निस्केकाले मत्स्येन्द्रनाथ कहलिन्छ । पूर्वी भारतको कामक्षा आईपुग्दा नेपालमा अनाबृष्टि भएर ठूलो अनिकाल परेका बेला राजा नरेन्द्रदेवले बन्धुदत्त तान्त्रिकलाई लिएर मत्स्येन्द्रनाथलाई नेपालमा ल्याई पाटनमा बुङ्गमतीमा मन्दिर बनाई राख्ने गरेको कथा उल्लेख छ ।

### ३.१०.४.पात्र

यस पौराणिक कथामा ब्राह्मण बूढा र बूढी मत्स्येन्द्रनाथ प्रमुख नायक, ज्योतिषी र राजा नरेन्द्रदेव सहायक पात्रकमा रूपमा रहेका हुन्छन् । यस कथामा प्रमुख नायक पात्र मत्स्येन्द्रको भूमिका र योगदानको कथामा चर्चा गरिएको छ । नरेन्द्रदेवको अमूल्य योगदानको पनि उत्तिकै चर्चा गरिएको छ । यिनले नै मत्स्येन्द्रनाथ भगवानलाई पाटनमा राखेको चर्चा ऐतिहासिक र अलौकिक रहेको छ ।

### ३.१०.५.परिवेश

यस पौराणिक कथामा परिवेशका रूपमा नदी किनारा देखाइएको छ । ब्राह्मण दम्पत्तिले बालक पिराहा भएको थाहा पाएपछि नदीमा बगाईदिएको र बालकलाई माछाले निलेको प्रसंग उल्लेख छ । नदी किनारामा भगवान शिवले पार्वतीलाई अमरकथा सुनाएको र मत्स्येन्द्रनाथ प्रभावित भई माछाको पेटबाट बाहिर निस्केको र पछि राजा नरेन्द्रदेवले भारतको कामक्षामा पुगेका देवता मत्स्येन्द्रनाथलाई नेपाल फर्काएर पाटनको बुङ्गमती नदी किनारामा मन्दिर बनाएर राखेको परिवेश उल्लेख छ ।

### ३.१०.६.संवाद

यस कथामा ब्राह्मण दम्पत्तिबिच आफ्नो पुत्रलाई लिएर संवाद भएको छ । उनीहरूले ज्योतिषलाई बोलाएर ग्रह हेराउँदा बालक पिराहा भएको कुरा ज्योतिषीले बताएका छन् । त्यस्तै शिव र पार्वतीबिच पनि संवाद भएको प्रसंग संवादका रूपमा उल्लेख छ ।

### ३.१०.७.उद्देश्य

यस कथाका माध्यमबाट हामीले ज्योतिषीका हरेक कुरामा विश्वास नै गर्नु पर्दछ भन्ने कुरा छैन भन्ने शिक्षा प्रदान गरिएको छ । ज्योतिषीले गरेको भविष्यवाणीमा सत्यता हुँदैन । अरूको कुरा सुनेर आफ्नो स्वनिर्णय गर्न नसक्दा र ठिक बेठिक छुट्याउन नसक्दा जीवनमा दुःख भोग्नु परेको यथार्थलाई यस कथाका माध्यमबाट प्रस्तुत गर्न खाजिएको छ । साथै कुनै पनि व्यक्ति जन्मदै नराम्रो हुँदैन उसलाई बाहिरी वातावरण र समाजको घरपरिवारको संस्कारले प्रभाव पार्दछ भनिएको छ । राम्रो मान्छेको संगतमा परे राम्रो व्यक्ति बन्न सक्छ भन्ने कुरा प्रष्ट्याउन यस कथाको उद्देश्य हो ।

### ३.१०.८.शैली

यस मत्स्यन्द्रनाथको कथा पौराणिक कथा वर्णनात्मक शैलीमा रचिएको कथा हो । यसमा भगवान मत्स्यन्द्रनाथको योगविद्या सम्बन्धी ज्ञान प्रचार प्रसारको वर्णन गरिएको छ ।

### ३.१०.९.भाषा

यस पौराणिक कथामा मिठो भाषाको प्रयोग गरिएको छ । कथामा पात्रहरूका बिच भएको कुराकानीलाई सरल र सहज ढंगमा प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

### ३.१०.१०.निष्कर्ष :

अन्त्यमा यस पौराणिक कथाबाट नीति तथा पुराणका सत्यको बोध गराउनु खोजिएको छ । मानिसमा पौराणिक धर्मसंस्कृतिका पक्षहरूमा विश्वस्त गर्न आह्वान गरिएको छ । अरूले भनेको भरमा कुनै पनि कुराको विश्वास गर्नु भन्दा आफ्नो वास्तविकता के हो बुझ्ने प्रयत्न गर्नु पर्ने प्रसंग उल्लेख छ । असल शिक्षा र दीक्षा दिन सक्यौ भने जस्तो सुकै मूर्ख व्यक्ति पनि सज्जन बन्न सक्दछ भन्ने यथार्थलाई यस कथामा रोचक ढंगमा देखाइएको छ । कुनै पनि बालक जन्मदै खराब, पिराहा हुने होईन उसले घुलमिल हुने घरपरिवार र बाहिरी अन्य वातावरणले प्रभाव पार्ने हुन्छ । सही वातावरण पाएमा असल बन्दछ भने असल वातावरण उचित स्याहारसुसारका अभावमा बालक खराब बन्न सक्छ । कथाका पात्र मत्स्येन्द्रनाथलाई ज्योतिषीले पिराहा भनेर भविष्यवाणि गरेका थिए तर भगवान् शिवको अमरकथा श्रुतिसँगै भगवान्को शरणमा पर्नाले सही शिक्षा दीक्षाको वरदान प्राप्त गरी सबैका पूज्य देवता मत्स्यन्द्रनाथ बन्न सफल भए ।

## ३.११ निष्कर्ष

प्रस्तुत परिच्छेदमा १० वटा संकलित कथाहरु दिएर तिनको तत्वगत विश्लेषण गरिएको छ । यहाँ पौराणिक , सामाजिक र काल्पनिक कथाहरु समेटिएका छन् । यी सबै कथाहरु लोककथाका तत्वहरुबाट संरचित छन् भन्ने कुरा स्पष्ट भएको छ । प्रस्तुत अध्ययनकार्यबाट काठमाडौं उपत्यकाको पशिचिमी भागको महाङ्काल क्षेत्रका कथाहरु सुरक्षित भएका छन् भने यिनको तत्वगत अध्ययनबाट कथामा रहेको आख्यानात्मक सौन्दर्य प्रकट भएको छ ।

## परिच्छेद– चार

## उपसंहार

### ४.१ सारांश

नेपाली लोकसाहित्यको क्षेत्रमा अन्य विधाजस्तै लोककथामा पनि एक महत्वपूर्ण विधा हो । लोककथामा यथार्थ भन्दा बाहिरका कुराहरु समावेश गरिए तापनि यसले मनोरञ्जनका माध्यमबाट बालकदेखि वृद्धसम्म सबैलाई नैतिक शिक्षा प्रदान गर्दछ । विक्रमको बिसौं शताव्दी देखि सुरु भएको यस लोककथा आधुनिक समयसम्म आईपुग्दा पनि त्यतिकै चर्चित रहेको छ । कथाकार बोधबिक्रम अधिकारीद्धारा सम्पादित १२ लोककथाहरुको संग्रह नेपाली दन्त्यकथा (१९९६) आजसम्मको प्रसिद्ध संकलन हो । त्यसपछि नेपाली लोककथा क्षेत्रमा विभिन्न अध्ययन अनुसन्धान भएका छन् । नेपालको राजधानी काठमाण्डौंको कीर्तिपुर नगरपालिका वडा नं.४ मा पर्ने महाङ्काल टोलमा पनि यस्तै विभिन्न लोककथाहरु प्रचलित छन् । शहरी क्षेत्रमा गनिए तापनि यो क्षेत्रमा भने अझै गाउंलेपन गईसकेको छैन । हाम्रो यस महाङ्काल क्षेत्रमा अझै पनि उहिलेका बुढाबुढीले कथा सुनाउने र साना साना नानीहरुले सुन्ने प्रचलन ताजै रहेको छ । त्यही परम्पराको लोककथालाई संकलन गरी यो अध्ययनकार्य गरिएको हो ।

प्रस्तुत अध्ययनकार्य परिच्छेदमा संरचित छ । पहिलो परिच्छेद अध्ययन परिचयका रुपमा रहेको छ । यसमा विषय प्रवेश , समस्या कथन , उद्देश्य , महत्व एवम् औचित्य , पूर्वकार्य , सामग्री सङ्कलन र अध्ययन विधि तथा रुपरेखा प्रस्तुत गरिएको छ । दोस्रो परिच्छेदमा संक्षिप्त रुपमा लोककथा सिद्धान्त दिइएको छ । तेस्रो परिच्छेद यस अध्ययनको महत्वपूर्ण कार्य हो । यसमा १० वटा लोककथाहरु दिई तिनको तत्वगत अध्ययन गरिएको छ । यी लोककथाहरु क्षेत्रकार्य गरी संकलन गरिएका छन् । यिनको संकलनबाट यस क्षेत्रका अमूर्त सम्पदाको संरक्षण भएको छ । चौथो परिच्छेद उपसंहारका रुपमा दिइएको छ । यसमा सारांश र निष्कर्ष दिइएको छ । यसरी चार परिच्छेदमा यस अध्ययनपत्रको संगठन गरिएको छ ।

## ४.२ निष्कर्ष

काठमाडौं उपत्यका, कीर्तिपुर नगरपालिकाको महाङ्काल क्षेत्रमा प्रचलनमा रहेका लोककथाहरु संकलन गरी प्रस्तुत अध्ययनपत्र तयार पारिएको हो । यसमा यी लोककथाहरुले महाङ्काल स्थानको सस्कृति, प्रचलन र वैचारिक पक्षको प्रतिनिधित्व गरेका छन् । यस्ता कथाको संकलन गर्न यस अध्ययनको मुख्य उपलब्धि हो भने तिनलाई विवेचना गरी ती कथाभित्र रहेको आख्यानात्मक सौन्दर्य प्रस्तुत गर्न यसको अर्को उपलब्धि हो । यिनै उपलब्धिले गर्दा यो अध्ययनपत्र औचित्ययुक्त छ भनि स्वीकार गर्न सकिन्छ ।

यथार्थभन्दा टाढाका विषयवस्तु भएका यस्ता लोककथा रोएको बालबच्चा फुल्याउन र असल कुरा सिकाउन पनि कथा भन्ने र सुन्ने चलन आएको हो । यस्ता थुप्रै लोककथा मध्ये मैले यस महाङ्काल क्षेत्रमा १० वटा लोककथा संकलन गरेकी छु । ती सबै व्यक्तिका नामसहित उनिहरुका भनाईलाई जस्ताको तस्तै समावेश गर्ने प्रयास गरेकी  छु । त्यस्ता लोककथाहरु खरायो र कछुवा, डल्ला र टपरी, लोभी दिदी, निर्दयी सौतेनी आमा, बांसको तामा, बुढी आमा र चार छोरा, भालुको कथा, मत्स्यन्द्रनाथको कथा, अकबर र बीरबलको कथा, आरुबहादुरको कथा रहेका छन् । यी दशवटै लोककथाहरुको उद्देश्य मनोरन्जन प्रदान गर्नु नै हो । यी लोककथाहरुमा कुनैमा पशुपंक्षीबिच प्रतिस्पर्धा भएको, आफ्नै साथीलाई अल्छि भनि जिस्क्याउने, कुनै ग्रामीण परिवेशको जीवनशैलीलाई यथार्थ चित्रण गरिएको, कुनैमा राजनितिक त कुनैमा धार्मिक विश्वासका पक्षहरु चित्रण गरिएको पाईन्छ । त्यस्तै मानवले जस्तै मानवेत्तर पात्रले पनि कार्य गर्न सक्ने यथार्थ चित्रण लोककथाहरुमा प्रस्तुत गरिएको छ ।

खरायो र कछुवा कथामा आफ्नो साथीलाई हेप्न हुदैन भन्ने सन्देश पाईन्छ भने बुढी आमा र चार छोरा कथामा रिसले कसैलाई भलो नगर्नृ भएकोले नरिसाई मायाले काम अह्राउनु पर्ने सन्देश दिईएको छ । त्यस्तै बांसको तामा कथामा वास्तविक कुरा नबुझि कदम चाल्न नहुने, निर्दयी सौतेनी आमा कथामा आफ्नो र अरुको भनि भेदभाव गर्नु हुदैन सौताको बच्चालाई पनि आफ्नै बच्चा ठानी माया गर्नु पर्ने, लोभी दिदीको कथामा लोभले क्षणिक लाभ त होला तर जीवनभर दुःख हुने यर्थाथ चित्रण गरेको पाईन्छ ।

यसरी समग्रमा भन्नुपर्दा काठमाण्डौ जिल्लामा प्रचलित लोककथाहरु धेरै छन् । ती लोककथा एउटै भएपनि ठाउं अनि व्यक्ति, कथा भन्ने भाषाशैली अनुसार फरक पाईन्छ । प्राचिन समयमा यस्ता लोककथाहरु सम्पुर्ण मानिसका जन जिब्रोमा झुन्डिएको थियो भने आधुनिक समयमा आएर संचारका

बिभिन्न खालका साधनहरुले सुनाउने कारणले गर्दा मानिसहरुमा कथा भन्ने र सुन्ने प्रचलनको लोप हुने स्थितीमा पुगेको छ । आखिर जे जस्तो भएपनि यहांका जनमानसमा पुराना लोककथाको छाप भने अमिट रुपमा रहेको छ । यस्ता लोककथाहरुको अध्ययन र बिश्लेषण गर्नु हामी सबैको महत्वपुर्ण दायित्व हो ।

# परिशिष्ट

## कथावाचकहरुको परिचय

१.	अरुणा लामा, वर्ष ३८, महाङ्काल कीर्तिपुर

२.	कविता श्रेष्ठ, वर्ष ४०, महाङ्काल कीर्तिपुर

३.	बिष्णुकुमारी लामा, वर्ष ५६, महाङ्काल कीर्तिपुर

४.	कान्छी लामा, वर्ष ५७, महाङ्काल कीर्तिपुर

५.	कृष्ण बहादुर लामा, वर्ष ४५, चम्पादेबी, कीर्तिपुर

६.	निर्मला शाही, वर्ष ४४, महाङ्काल कीर्तिपुर

७.	कान्छी तामाङ्ग, वर्ष ६५, महाङ्काल कीर्तिपुर

८.	मीनबहादुर लामा, वर्ष ६८, महाङ्काल कीर्तिपुर

९.	सुशीला लामा, वर्ष ४७, महाङ्काल कीर्तिपुर

१०.	शकुन्तला लामा, वर्ष ५०, महाङ्काल कीर्तिपुर

## सन्दर्भसूची


गिरी जीवेन्द्रदेव (२०५७) **लोकसाहित्यको अवलोकन, काठमाडौं** : एकता प्रकाशन ।

बन्धु, चुडामणि (२०५८) **नेपाली लोकसाहित्य , काठमाडौं** : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि

**बृहत नेपाली शब्दकोष** (२०५०), काठमाडौं : ने.रा.प्र.प्र. ।

दिवस, तुलसी (२०३२) **नेपाली लोककथा, काठमाडौं**: ने.रा.प्र.प्र ।

पराजुली, मोतीलाल (२०७१) **नेपाली लोककथा सिद्धान्त र विश्लेशण** । विवेक सिर्जनशिल प्रकाशन काठमाडौं